मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

वर्ष २ ● अंक १४ ● २०८० साल मंसिर १६ गते शनिबार ● Saturday 02, December 2023 ● सूर्योदय: बिहान ६:३७ बजे ● सूर्यास्त: साँझ ५:११ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## प्रदेश सभामा जनताका मुद्दा

### सरकारसँग योजनाका पसल, तर हरेक क्षेत्रमा असफल


किरणकुमार साही
प्रदेश सभा सदस्य


मालाकुमारी कर्ण
प्रदेश सभा सदस्य


जंगीलाल यादव
प्रदेश सभा सदस्य


सरोज सिंह कुशवाहा
प्रदेश सभा सदस्य


मनोजकुमार सिंह
प्रदेश सभा सदस्य


वसन्त कुशवाहा
पूर्व कृषिमन्त्री


जयनुल राइन
प्रदेश सभा सदस्य


हरिनाराण महतो
प्रदेश सभा सदस्य

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
प्रदेश सभा बैठक सुरु भएपछि दुई दिन गणतान्त्रिक व्यवस्थामाथि भइरहेको प्रहारमा गम्भीर भएका मधेश प्रदेश सभाका सदस्यहरु पछिल्लो समय मधेश र मधेशका जनताप्रति पनि गम्भीर देखिएका छन् । उनीहरुले मधेशमा पानीको समस्या, जंगल विनाशसँगै किसानका मुद्दालाई उठाएका छन् । प्रदेश सरकारले भुक्तानी दिन बाँकी रहेको विषयमा पनि झक्झक्याएका छन् ।

मधेश प्रदेश प्रदेश सभाको विशेष समयमा बोल्दै प्रदेश सभा सदस्यहरुले समसामयिक विषयमा ध्यानाकर्षण गराएका छन् । बैठकमा प्रदेश सभा सदस्य जंगीलाल यादवले आफ्नो क्षेत्रमा अहिले देखि नै खानेपानीको समस्या विकराल बनेको बताए । उनले केही समय यता बस्तीमा खानेपानीको समस्या पर्न थालेको भन्दै खानेपानी मन्त्रीको ध्यानाकर्षण गराए । उनले भने, 'गाउँमा खानेपानीका चापाकल सुक्न थालेका छन्, गाउँगाउँमा खानेपानीको समस्या देखिएको छ, सरकारले खानेपानी समस्या समाधान गर्न ठोस योजना ल्याएन भने जनता अरु समस्या खेप्न बाध्य हुने देखिएको छ ।'

उनले जनतालाई शुद्ध खानेपानी दिनु सरकारको दायित्व भएकाले सरकारले ठोस योजना बनाउनुपर्ने बताए । स्थानीयले अहिले जसोतसो खानेपानी समस्या टारिरहेको बताउँदै आउने दिनमा अझ भयावह अवस्था आउनसक्ने भएकाले समयमै सरकारको ध्यान जानुपर्ने उनको तर्क थियो । त्यसैगरी, प्रदेश सभा सदस्य सरोज सिंह कुशवाहाले सरकारले विगतका योजनाको एक वर्ष बितिसक्दासमेत भुक्तानी नदिएका कारण उपभोक्ता मारमा परेको बताए । उनले आर्थिक वर्षको पहिलो चौमासिक बितिसकेको बताउँदै अघिल्लो वर्षकै योजनाको भुक्तानीको छाँटकाँट नदेखिएको बताए । भने, 'विगतमा भएका कामको समेत भुक्तानी भएको छैन, सरकारको विश्वसनियता घटिरहेको छ ।'

उनले बजेट ल्याएर काम सञ्चालन गर्नुपर्ने अवस्थामा सरकार सुतेको जस्तो देखिएको बताए । अन्तिममा आएर काम गर्ने र बजेट फ्रिज हुने नियतीले जनतामा नकारात्मक भावना सिर्जना हुने गरेको उनको जिकीर थियो । त्यसैगरी, प्रदेश सभा सदस्य मनोजकुमार सिंहले सिरहाको चोहर्वामा रहेका जंगल मासिँदै र अतिक्रमणमा पर्दै गएको बताए । उनले वन जंगल मासिँदासमेत सरकारले संरक्षणमा ध्यान नदिएका कारण तराईमा खानेपानीको समस्या बढिरहेको बताए । उनले तत्काल सरकारले वन संरक्षणमा ध्यान दिनुपर्ने आवश्यकता रहेको उल्लेख गरे । त्यसैगरी, पूर्व कृषिमन्त्री वसन्त कुशवाहाले किसानले खेती गर्नेक्रममा प्रयोग गरेको रासायनिक मलका कारण जमिनको उर्वराशक्तिमा ह्रास आइरहेको बताउदै कृषियोग्य जमिन ५ लाख ४२ हजार हेक्टर रहेको र उवर्रा शक्ति जोगाउन मलको अन्य विकल्प खोज्न सरकार गम्भीर नभएको बताए । उनले भने, 'रासायनिक मलका कारण मधेश प्रदेशमा खेतीयोग्य जमिन समाप्त संकेत देखिएको छ ।' कुशवाहाले सरकारले नीति कार्यक्रममा रासायनिक मलको साटो अन्य मल प्रयोग गर्ने नीति लिएपछि त्यसअनुसार बजेट समेत विनियोजन नगरिएका कारण समस्या आउनसक्ने बताए ।

प्रदेश सभा सदस्य जयनुल राइनले सरकारले योजनाको पसल थापेजस्तै देखिएको आरोप लगाए । उनले प्रदेशमा जति मन्त्रालय छन्, त्यति योजनाका पसल थपिएको र यो प्रदेशको विकासमा कमजोर पक्ष रहेको जिकीर गरे । उनले सरकारको विगतको योजनाको भुक्तानीमा आएको समस्याका विषयमा सरकारको ध्यानाकर्षण गराए ।प्रदेश सभा सदस्य हरिनाराण महतोले उत्तरी क्षेत्रका किसानलाई सरकारले विकास र योजनामा ध्यान नदिएको भन्दै सरकारको ध्यानाकर्षण गराए ।

उनले मधेश प्रदेशको शिक्षाको अवस्था निकै कमजोर रहेको तर सरकारले यसमा लगानी समेत गर्न नसकेकाले गुणस्तरीय शिक्षाका लागि विषयगत शिक्षकसमेत समस्या भएको बताए ।

**शून्य समयमा पनि सरकारकै ध्यानाकर्षण**

मधेश प्रदेशको प्रदेश सभा बैठकमा प्रदेश सभा सदस्यहरुले मधेशको समस्यामा सरकारको ध्यानाकर्षण गराएका छन् । प्रदेशको शून्य समयमा बोल्दै प्रदेश सभा सदस्य किरण कुमारी साहले मधेश प्रदेशको स्वरुप विगत भन्दा केही गुणात्मक सुधार आएको बताइन् । उनले जनकपुरको प्रदेशिक अस्पतालमा विगतमा देखिएका समस्या मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्र्तगत गाभिएपछि केही गुणात्मक सुधार भएको जिकीर गरिन् । उनले विगतमा अस्पतालमा समस्या रहेको बताउँदै अहिले विस्तारै सुधार आएको बताउँदै केही समस्या सरकारीस्तरबाट मात्रै सुधार गर्न सकिने भएकाले यसमा सरकारले चासो दिनु पर्ने बताएन् । उनले भनिन्, 'अस्पतालमा सेवाप्रवाहमा सुधार भएको छ, सफाइ र जनतालाई सहज सेवा प्रदान भइरहेको छ तर अस्पतालमा जनशक्ति अभाव देखिएको छ । विगतमा रहेको पुरानै दरबन्दीका आधारमा अस्पतालले सेवा दिनुपर्ने बाध्यता रहेका कारण सरकारले अस्पतालमा दरबन्दी थप्नु पर्ने देखिन्छ ।' साहले प्रादेशिक जनस्वास्थ्य प्रयोशगलामा भने सबै भन्दा बढी गुणस्तर सेवा प्रवाह भएको पाइएको बताइन् ।

त्यसैगरी शून्य समयमा बोल्दै माओवादी केन्द्रकी प्रदेश सभा सदस्य मालाकुमारी कर्णले आर्थिक वर्षको प्रथम चौमासिक सकिँदासमेत सरकारले बजेट र योजना कार्यान्वयन गर्न खासै ध्यान पुर्याउन नसकेको आरोप लगाइन् । उनले सरकारी कार्यालयमा कर्मचारी अभावसमेत रहेकाले बजेट खर्च नगरिँदा र आर्थिक वर्षको अन्तिममा हतारमा बजेट खर्च गरिने परिपाटीका कारण समस्या आउने गरेको बताइन् । उनले बजेट कार्यान्वयनमा सरकारको ध्यानाकर्षण गराइन् ।

## राष्ट्रपतिद्वारा चुरे संरक्षणमा चासो

**मधेशदृष्टि**
**वीरगंज ।**
राष्ट्रपति रामचन्द्र पौडेलले चुरे संरक्षणका लागि स्थायी समाधान खोज्न र त्यसका लागि आवश्यक काम गर्न निर्देशन दिएका छन् । राष्ट्रपति चुरे–तराई मधेश संरक्षण विकास समितिका पदाधिकारीसँगको भेटमा राष्ट्रपतिले चुरे संरक्षणमा चासोसहित निर्देशन दिएका हुन् । राष्ट्रपतिले राष्ट्रपति चुरे–तराई मधेस संरक्षण विकास समितिका पदाधिकारीसँग राष्ट्रपति भवन शीतल निवासमा चुरे संरक्षणका सम्बन्धमा भएको छलफलमा राष्ट्रिपति पौडेलले भने, 'चुरे विनासले निम्त्याउने सङ्कटप्रति चिन्ता व्यक्त गर्न थालौँ, अहिलेको काम गराइले मात्र दीर्घकालीन समाधान हुने देखिन्न, तदारुकताका साथ स्थायी समाधान खोज्न ढिला नहोस् ।' राष्ट्रपति पौडेलले पहिरो नियन्त्रण, खोला नदीले बगाएर ल्याउने ढुङ्गा, गिटी, गेग्र्यान हटाएर खोला बग्ने निश्चित धार निर्माण, हटाएको ढुङ्गा, गिटी, बालुवा राष्ट्रिय आवश्यकताका लागि प्रयोग, हरियाली निर्माणका विषयमा काम हुनु पर्ने भन्दै चासो राखेका थिए । यस्तै, वस्ती सुधारका विषयसँगै विभिन्न कामका लागि राज्यले नै वृहत योजना बनाएर तदारुकताका साथ काम गर्नुपर्नेमा राष्ट्रपतिको जोड थियो ।

छलफलमा विकास समितिका पदाधिकारीले समितिले गरिरहेको कामबारे जानकारी गराएका थिए ।

यसअघि बुधबार जनकपुरधाम आएका पूर्व राष्ट्रपति डा. रामवरण यादवले पनि मधेशको लाइफलाइन चुरे संरक्षणमा सोचेअनुसार काम नभएको भन्दै चासो व्यक्त गरेका थिए । चुरे संरक्षण हुन नसके मधेशको लाइफलाइन नै भत्किने भन्दै यादवले चिन्ता व्यक्त गरेका थिए ।

## वैभव

शनिबार ४ पृष्ठको वैभव





- ट्रान्सजेन्डर अभियन्ता कपालीको कथाः अफरोज मन्सुर
- फ्रस्टेसनोमेनियाः गणेश लाठ
- आधुनिक कृषिले बदलेका चिनियाँ गाउँः रमेश लम्साल
- लोहजरा दहः अनिल पोखरेल
- नारायणगोपालका तीन सपनाः श्याम रिमाल
- काठमाडौँले भ्रम कहिले उतार्छः महेश कठायत
- गुरू नानक र इतिहासमा त्रुटिः सुनिल उलक


## मधेशमा एचआइभी एड्सको जोखिम

मधेशमा जिल्लागत रुपमा सबैभन्दा बढी पर्सामा १ हजार २ सय ८७, धनुषामा ७ सय ६७, सर्लाहीमा ४ सय ७०, रौतहटमा ३ सय ४९, सिरहामा ३ सय ५१, महोत्तरीमा ३ सय ४९, बारामा १ सय ९१ र सबैभन्दा कम सप्तरीमा १ सय ७३ जना संक्रमित छन् ।

स्रोतः मधेश प्रदेशको स्वास्थ्य निर्देशनालय



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका जिल्ला एचआइभी एड्सको उच्च जोखिममा रहेकाले यसबाट जोगिन  जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यकतामा वक्ताहरुले जोड दिएका छन् ।

विश्व एड्स दिवसका अवसरमा मधेश प्रदेशको स्वास्थ्य निर्देशनालयले धनुषाको सपहीमा शुक्रबार गरेको कार्यक्रममा सहभागी र विज्ञहरूले मधेशमा उल्लेख्य संख्यामा युवा वैदेशिक रोजगारीमा रहेकाले विदेशमा रहेका बेला असुरक्षित यौन सम्पर्क हुने भएकाले सङ्क्रमणको उच्च जोखिम भएको बताउँदै जनचेतनामूलक कार्यक्रम आवश्यक रहेको बताए ।

मधेश प्रदेशका जिल्लामा एचआइभी एड्स पीडितको संख्या ३ हजार ९ सय २६ रहेको मधेश प्रदेशका स्वास्थ्य निर्देशनालयका सम्पर्क अधिकृत राजवीर यादवले जानकारी दिए । संक्रमितमध्ये १८ वर्षमुनिका बालबालिकाको संख्या १ सय ७६ छ । संक्रमित बालबालिकामध्ये बालिकाको संख्या ६५, आमाबुबा नभएका १५, आमाबुबामध्ये एक जनामा रहेको ६५ र १४ वर्षमुनिका १ सय ४ जना छन् ।

जिल्लागत रुपमा सबैभन्दा बढी पर्सामा १ हजार २ सय ८७, धनुषामा ७ सय ६७, सर्लाहीमा ४ सय ७०, रौतहटमा ३ सय ४९, सिरहामा ३ सय ५१, महोत्तरीमा ३ सय ४९, बारामा १ सय ९१ र सबैभन्दा कम सप्तरीमा १ सय ७३ जना संक्रमित रहेको निर्देशनालयले जानकारी दिएको छ ।

मधेश प्रदेशका जिल्लामा जाँच तथा परामर्श केन्द्र संख्या १०, उपचार केन्द्र १०, निःशुल्क औषधि वितरण ८ गैरसरकारी संस्था, लागु पदार्थको मौखिक पद्धतिद्वारा उपचार नारायणी अस्पताल परीक्षण केन्द्रका रुपमा प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला छन् । कार्यक्रममा मधेश प्रदेशका स्वास्थ्य तथा जनसंख्यामन्त्री वीरेन्द्र प्रसाद सिंहले एचआइभी एड्सको प्रभावकारी नियन्त्रण तथा उपचारका लागि प्रचारप्रसार तथा जनचेतना फैलाउन आवश्यक भएको बताए ।

उनले एड्स भएकालाई हेला नगरी सम्मान गर्न आवश्यक भएको बताउँदै संक्रमण भएकालाई सामाजिक वा पारिवारिकरुपमा हेला गरेको खण्डमा रोगीको चाँडै मृत्यु हुने भएकाले माया गर्न तथा सम्मानपूर्वक बाँच्न दिनु पर्ने बताए ।

मधेश प्रदेशका स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव डा. प्रमोद कुमार यादवले एड्स संक्रमण भएपछि सजिलो उपचार विधि सुरु भएकाले नियमित औषधि सेवन गरे संक्रमित दीर्घकालसम्म जीवित रहन थालेको बताए ।

## ओलीकप क्रिकेटमा मधेश विजयी




**मधेशदृष्टि**
**वीरगंज ।**
केपी ओली कप टि–२० क्रिकेट प्रतियोगिताको उपाधि मधेश प्रदेशले जितेको छ । पोखरामा भएको प्रतियोगिताको फाइनलमा त्रिभुवन आर्मीलाई ११ रनले पराजित गर्दै मधेश प्रदेशले उपाधि जितेको हो ।

मधेश प्रदेशले दिएको एक सय ३६ रनको लक्ष्य पछ्याउने क्रममा आर्मीले निर्धारित २० ओभरमा ७ विकेट गुमाउँदै एक सय २४ रन मात्रै बनायो । आर्मीका कप्तान विनोद भण्डारीले सर्वाधिक ३२ रन बनाए । मधेश प्रदेशका हरिशंकर साहले सर्वाधिक चार विकेट लिए । यस्तै, प्रदीप पासवानले दुई तथा प्रतिक यादवले एक विकेट लिए । त्यसअघि पोखरा रङ्गशालामा टस जितेर पहिला ब्याटिङ गरेको मधेश प्रदेशले निर्धारित २० ओभरमा ८ विकेटको क्षतिमा एक सय ३५ रन बनाएको थियो । मधेश प्रदेशका लागि विशाल पटेलले सर्वाधिक ४९ रन बनाए । आर्मीका शाहब आलम र विकेश यादवले समान तीन–तीन विकेट लिए । सोमपाल कामी र बसिर अहम्मदले एक–एक विकेट लिए । उपाधि विजेता मधेश प्रदेशले ५ लाख र उपविजेता आर्मीले २ लाख ५० हजार रुपैयाँ प्राप्त गरेका छन् ।

प्रतियोगितामा ७ प्रदेशका ७ टिम, विभागीय टिमः नेपाल पुलिस, नेपाल आर्मी, एपीएफ र मदन भण्डारी स्पोर्ट्स एकेडेमीको रातो र निलो गरी १२ टिम सहभागी थिए ।

# जलवायु सङ्कट रोक्न हरितगृह ग्यास उत्सर्जन घटाउन अपरिहार्य

**रासस**
**काठमाडौँ ।**
जलवायु परिवर्तनसम्बन्धी वार्षिक राष्ट्रसङ्घीय सम्मेलन (कोप–२८) बिहीबारदेखि युएईको दुबइ सहरमा प्रारम्भ भएको छ । जलवायु परिवर्तनले सिर्जित विषम परिस्थिति र गहिरिँदो सङ्कटको चेतावनीका पृष्ठभूमिमा भइरहेको सम्मेलनमा अघिल्ला वर्षमा पनि चर्चामा रहेका जलवायु परिवर्तनको प्रभाव र न्यूनीकरणका प्रयाससम्बन्धी धेरै विषयमा बृहत् छलफल हँुदैछ । सयौँ नीतिनिर्माताको यो विश्वव्यापी भेलामा जलवायु परिवर्तनको प्रभाव कम गर्न राष्ट्रसङ्घका सदस्यले जारी राखेका प्रयास, बितेको एक वर्षमा आयोजित कार्यक्रम तथा लक्ष्यको सघन समीक्षा, धनी राष्ट्रले गरिबलाई सहयोग गर्ने प्रतिबद्धतामाथिको जवाफदेहिता र पेरिस सम्झौतालगायत विगतका सम्झौता कार्यान्वयनको स्थिति, साथै हरितगृह ग्यास उत्सर्जन कम गर्ने र विश्ववापी तापक्रम वृद्धिलाई लक्ष्यअनुरुप नै कायम राख्न गरिनुपर्ने प्रतिबद्धतामा गम्भीर संवाद र वार्ता हुने कार्यसूची छ । दुई सातासम्म जारी रहने यस सम्मेलनमा संयुक्त राष्ट्रसङ्घका सदस्य राष्ट्र तथा सरकारका प्रमुख, जनप्रतिनिधि, नीति निर्माता, कर्पोरेट संस्थाका मालिक, उद्योग–व्यवसायी, अन्तर्राष्ट्रिय जलवायु वैज्ञानिक, अनुसन्धाता गरी ७० हजारभन्दा बढी मानिस सहभागी हुने अनुमान गरिएको छ । जलवायु परिवर्तन विश्वव्यापी साझा समस्या भए पनि स्रोतसाधन, प्रविधि, वित्त, भूगोलका कारण असमान हिसाबले समस्या भोगिरहेका राष्ट्रले फरकफरक विषयलाई महत्व दिएका छन् । असमानुपातिक हिसाबले जलवायु परिवर्तनको कहरमा परेका विशेषगरी अतिकम विकसित राष्ट्र (एलडिसी) को चासो जलवायु वित्तमा छभने विकसित राष्ट्रले विकासशील तथा उदाउँदा अर्थतन्त्र पनि थप जिम्मेवार हुनुपर्नेमा जिकिर गर्दै आएका छन् ।

त्यसैगरी विकासशील तथा एलडिसीको साझा तर्क विकसित तथा धनी राष्ट्र हरितगृह ग्यास उत्सर्जन गर्नमा ऐतिहासिक रुपमा बढी जिम्मेवार रहेकाले उनीहरु नै थप जिम्मेवार र संवेदनशील हुनुपर्छ भन्ने छ । जलवायु वित्तको सन्दर्भमा कोप–२७ मा गरिएको सहमतिअनुरुप स्थापना भएको हानि तथा नोक्सानी कोषमा विभिन्न राष्ट्रको बजेट योगदान तथा कोषको प्रभावकारी सञ्चालनसहित बढी क्षति बेहोर्ने नेपालजस्ता राष्ट्रका लागि आर्थिक सहायता परिचालनको विषयले यसपटक विशेष महत्व राख्छ । यो विषयमा हुने छलफल र वार्तालाई विश्वभर विशेष चासोका साथ हेरिएको छ । जलवायु परिवर्तनमा मुख्य जिम्मेवार विकसित र धनी देशले विकासशील तथा गरिब देशको जलवायु परितर्वन प्रभाव न्यूनीकरण तथा अनुकूलन प्रयासका लागि आर्थिक सहायता प्रदान गर्ने सामूहिक प्रतिबद्धता पूरा नगरेको विषय हरेक वर्ष पेचिलो गरी उठ्ने गरेको छ । स्मरणीय यो छ कि, सन् २००९ मा भएको कोप–१५ मा विकसित राष्ट्रले विकासशील राष्ट्रका लागि सन् २०२० सम्ममा हरेक वर्ष एक सय बिलियन अमेरिकी डलर परिचालन गर्ने घोषणा गरेका थिए । द्रुत गतिमा भइरहेको तापक्रम वृद्धि नियन्त्रण गर्न भएको पेरिस सम्झौता पनि सम्मेलनका निम्ति त्यत्तिकै महत्वपूर्ण मुद्दा हो । सन् २०१५ मा भएको पेरिस सम्झौताअनुरुप पूर्वऔद्यौगिक समयको दाँजोमा तापक्रम १.५ डिग्री सेन्टिग्रेडको वृद्धि मात्रै कायम गर्ने अर्थात् विश्वको सरदर तापक्रम वृद्धि दुई डिग्री सेन्टिग्रेडभन्दा तल राखिरहने वैश्विक प्रयासलाई निरन्तरता दिने तर यसका लागि जीवास्म इन्धनको प्रयोगमा कटौती गर्नुपर्ने वैज्ञानिकको सल्लाहविपरीत कार्य भइरहनु गम्भीर चिन्ताको विषय हो । नेपालजस्ता अतिकम विकसित राष्ट्र जलवायु परिवर्तनको गहिरिँदो सङ्कटमा पर्ने विश्वव्यापी चिन्ता प्रकट भइरहेको छ । राष्ट्रसङ्घीय निकायका प्रतिवेदनले पनि विश्वाव्यापी तापक्रम वृद्धि कम गर्न विशेषगरी धनी राष्ट्रका प्रयास अपुग भएको बारम्बार औँल्याएका छन् ।

## पुस ५ गतेदेखि अर्धवार्षिक परीक्षा

**छठु साह**
**पर्सा ।**
पकहामैनपुर गाउँपालिकाको शिक्षा समिति र प्रध्यानाध्यापकबीचको समन्वयवात्मक बैठक शुक्रबार भएको छ । गाउँपालिकाका अध्यक्ष सुरेश प्रसाद मेहताको अध्यक्षतामा बसेको बैठकले आगामी पुस ५ गतेदेखि अर्धवार्षिक परीक्षा सञ्चालन गर्ने निर्णय गरेको छ । प्रश्नपत्र र परीक्षाको मितिमा एकरुपता हुनु पर्ने जस्ता निर्णय भएको शिक्षा संयोजक दामोदर दुबेले बताए । बैठकमा परीक्षा कपी पनि पालिकामा एकअर्का विद्यालयको अन्तरमा शिक्षकले चेकजाँच गर्नेबारे पनि छलफल भएको प्रमुख प्रशासकीय अधिकृत दयाशंकर चौधरीले बताए । पालिकाको १६ वटा विद्यालयका खाजा सञ्चालन भएको खर्चको फर्छ्योटका लागि पत्र ल्याई पुरानो भुक्तानी लिनु पर्ने र दिवाखाजा निरन्तरता दिइने निर्णय पनिभएको छ । बैठकमा पकहामैनपुर गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत चौधरी, नसुरुल्लाह मिया, शिक्षा प्रमुख दामोदर दुबेका साथै १५ विद्यालयका प्रध्यनाध्यापकको सहभागिता थियो ।

## विश्व एड्स दिवसमा पदयात्रा

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको पकहामैनपुर स्वास्थ्य चौकीको आयोजनामा ३६ औँ विश्व एड्स दिवस विभिन्न कार्यक्रम गरी मनाइएको छ । पकहामैनपुरका स्वास्थ्य संयोजक सदाम हुसेनको अगुवाइमा पालिकाको सम्पूर्ण स्वास्थ्यकर्मीको सहभागितामा पदयात्रा कार्यक्रम गरिएको थियो ।
पदयात्रापछि आयोजित सभालाई मधेश प्रदेश स्वास्थ्य निर्देनालयका निरीक्षक लालबहादुर ठाकुर, जिल्ला स्वास्थ्य कार्यालय पर्साका डा. मुक्तिनारायण साह, केन्द्रीय स्टोर पथलैयाका संजय साह, मोहनलाल साह, पकहामैनपुर स्वास्थ्य चौकीका इन्चार्ज रामनाथ महतोलगायतकाले मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रममा सहायक स्वास्थ्य संयोजक शत्रुधन गिरी, गाणेश रामलगायतको सहभागिता थियो ।

## निजी अस्पतालको बदमासी छानबिन हुने



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारका स्वास्थ्य तथा जनसंख्यामन्त्री वीरेन्द्र प्रसाद सिंहले जनकपुरधाम लगायत मधेशका स्वास्थ्य संस्थाहरुले गरिरहेको बदमासी अध्ययन गरेर कारबाही प्रक्रिया अघि बढाउने बताएका छन् । उनले यसका लागि मन्त्रालयले शाखा प्रमुखको संयोजकत्वमा तीन जना डाक्टरको समिति गठन गरेर अस्पतालमा हुने लापरबाही अध्ययन र छानबिन हुने जानकारी दिए ।
राजर्षी जनक विश्वविद्यालयका विद्यार्थीद्वय शशिकान्त मण्डल र ऋषिकेश यादवले मन्त्री सिंहलाई भेटेर जनकपुरधाममा स्वास्थ्य संस्थाहरुले गरिरहेको बदमासी रोक्न ज्ञापन पत्र दिएपछि मन्त्री सिंहले यस्तो बताएका हुन् ।
उनले भने, ‘समितिको छानबिन रिपोर्टपछि आवश्यक कारबाही प्रक्रिया अघि बढ्छ ।’
शुक्रबार दुई विद्यार्थीले बिरामी चेकजाँचका नाममा लापरबाही र बदमासी गर्ने जनकपुरधामका निजी अस्पताललाई कारबाही गर्न माग गर्दै प्रदेश सरकारका स्वास्थ्य तथा जनसंख्यामन्त्री सिंहलाई ज्ञापन पत्र दिइएका थिए । ज्ञापन पत्रमा डाक्टरले नियम विपरीत कार्य गर्दा बिरामीको ज्यान जाने घटना बढेको भन्दै सामुदायिक अस्पताललगायत निजी अस्पतालमा भइरहेको बिरामीमाथि बदमासी र महँगो शुल्क असुली रोक्न ध्यानाकर्षण गराइएको थियो ।

## नेत्रज्योति संघको अधिवेशन

**मधेशदृष्टि**
**लहान ।**
नेपाल नेत्रज्योति संघ मधेश प्रदेशको दोश्रो अधिवेशन लहानमा सुरु भएको छ । अधिवेशनमा मधेश प्रदेशका ८ जिल्लाबाट प्रतिनिधि र पर्यवेक्षक सहभागी छन् । मधेश प्रदेशका अध्यक्ष रविन्द्रलाल चौधरीको अध्यक्षतामा भएको कार्यक्रम संघका केन्द्रीय कार्यालयका वरिष्ठ उपाध्यक्ष श्यामकुमार पोखरेलले गरेका थिए । अधिवेशन मंसिर १६ गतेसम्म सञ्चालन हुनेछ । नेपाल नेत्रज्योति संघ मधेश प्रदेशका महासचिव सन्जिव मल्लिकले कार्यक्रमको सहजिकरण गरेको संघका राजन श्रीवास्तवले जानकारी दिए ।

## ब्राउनसुगरसहित दुई समातिए

**मधेशदृष्टि**
**सिरहा ।**
सिरहाबाट लागुऔषध ब्राउनसुगरसहित दुईजना पक्राउ परेका छन् । लहान नगरपालिका–११ का ३२ वर्षीय सञ्जय चौधरी र २० वर्षीय अभिशेष चौधरी पक्राउ परेका प्रहरी प्रवक्ता डिएसपी रविन्द्रराज पाण्डेले जानकारी दिए ।
डिएसपी पाण्डेका अनुसार दुवैलाई बुधबार राति करिब ९ बजे ४ ग्राम ब्राउनसुगर र डिजिटल तराजुसहित लहान नगरपालिका–१ लोकतन्त्र चोकबाट नियन्त्रणमा लिइएको हो ।
सिरहा जिल्ला अदालतबाट १० दिनको म्याद थप गराई इलाका प्रहरी लहानको हिरासतमा राखेर उनीहरुमाथि थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।

## नौ हजार भूकम्पपीडितले पाए २२ करोड

**रासस**
**काठमाडौँ ।**
भूकम्पपीडितको अस्थायी आवास निर्माणका लागि कायम भएका लाभग्राहीमध्ये आठ हजार आठ सय ३९ परिवारका लागि २२ करोड नौ लाख ७५ हजार रकम निकासा गरिएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार हालसम्म कूल ११ हजार नौ सय ९७ लाभग्राही प्रमाणित भएका छन् । प्रमाणित भएका बाँकी लाभग्राहीका लागि पनि रकम निकासाको प्रक्रिया अघि बढिसकेको प्राधिकरणका प्रवक्ता ध्रुवबहादुर खड्काले जानकारी दिए । पछिल्लो समयमा रकम निकासालाई तीव्रता दिएको सरकारले लाभग्राही प्रमाणित गर्ने प्रक्रिया जारी रहेको र प्रमाणित भएकाका लागि तत्काल रकम निकासा गरिरहेको छ । प्राधिकरणबाट प्राप्त विवरण अनुसार बझाङका चार सय ९० लाभग्राहीमध्ये एक सय १२ परिवारका लागि २८ लाख रुपैयाँ, रुकुम पश्चिमका आठ हजार पाँच सय ८५ लाभग्राहीका लागि २१ करोड ४६ लाख २५ हजार रुपैयाँ र बाजुराका एक हजार चार सय ३७ लाभग्राहीमध्ये एक सय ४२ लाभग्राहीका लागि पहिलो किस्ता बापतको ३५ लाख ५० हजार रकम निकासा गरिएको हो । सल्यानमा कायम भएका एक हजार चार सय ८५ लाभग्राही सहित जाजरकोटका लाभग्राहीका लागि भने रकम निकासा गर्न बाँकी रहेको छ । कायम भएका लाभग्राहीका लागि छिट्टै र कायम हुन बाँकी रहेका लाभग्राहीका लागि कायम गरिसकेपछि द्रुत गतिमा वितरण हुने पनि प्रवक्ता खड्काले जानकारी दिए ।

## राष्ट्रियसभा निर्वाचन कार्यतालिका स्वीकृत

**रासस**
**काठमाडौँ ।**
निर्वाचन आयोगले राष्ट्रियसभाको आगामी माघ ११ गते हुने निर्वाचनका लागि निर्वाचन कार्यतालिका स्वीकृत गरेको छ ।
आयोगको बिहीबारको बैठकले स्वीकृत गरेको कार्यतालिका अनुसार यही मङ्सिर २२ गते निर्वाचनमा भाग लिने राजनीतिक दल दर्ताका लागि सूचना प्रकाशन गर्ने र मङ्सिर २४ देखि २९ गतेसम्म राजनीतिक दल दर्ता गर्ने कार्यक्रम छ ।
दल दर्तापश्चात आगामी पुस १ गते राजनीतिक दललाई निर्वाचन चिह्न प्रदान गरी पुस ४ गते स्वीकृत दलको नामावली नेपाल राजपत्रमा प्रकाशनार्थ पठाइने आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिए । आगामी माघ ११ गते बिहान ९ देखि अपराह्न ३ बजेसम्म मतदान हुनेछ । स्वीकृत कार्यतालिका अनुसार २०८० पुस १६ गते निर्वाचन अधिकृतको नियुक्ति र सोही दिन सात वटै प्रदेश निर्वाचन कार्यालयमा निर्वाचन अधिकृतको कार्यालय स्थापना हुनेछ ।
पुस २० देखि २८ गतेसम्म निर्वाचन अधिकृतको कार्यालयमा निर्वाचन कार्यक्रम सञ्चालन हुनेछ । सरकारले यही मङ्सिर १३ गते निर्वाचनको मिति घोषणा गरेको थियो ।

## एघार महिनामा भित्रिए नौ लाखभन्दा बढी पर्यटक



**रासस**
**काठमाडौँ ।**
सन् २०२३ को ११ महिनामा नौ लाखभन्दा बढी विदेशी पर्यटक नेपाल भित्रिएका छन् । नेपाल पर्यटन बोर्डको तथ्याङ्कअनुसार वर्षको जनवरीदेखि नोभेम्बरसम्म नौ लाख १८ हजार तीन सय आठ नेपाल आएका हुन् । नोभेम्बरमा मात्रै एक लाख आठ हजार छ सय ३० विदेशी पर्यटक नेपाल भित्रिएका छन् । अघिल्लो महिना अक्टोबरमा हालसम्मकै बढी एक लाख १७ हजार तीन सय छ पर्यटक नेपाल भित्रिएका थिए । पर्यटक आगमनको पछिल्लो आँकडाले यो वर्ष सरकारको लक्ष्य पूरा हुने सङ्केत देखिएको छ । सरकारले सन् २०२३ मा १० लाख विदेशी पर्यटक भित्र्याउने लक्ष्य लिएको छ । बोर्डका निर्देशक मणिराज लामिछानेले पर्यटक आगमन निरन्तर बढिरहेकाले लक्ष्यमा पुग्न सहज हुने उल्लेख गरे । उनले भने, ‘एघार महिनामा नौ लाख १८ हजार बढी पर्यटक आएका छन् । १० लाखको लक्ष्य करिब पुग्न लाग्यो ।’ पर्यटक आगमनको मुख्य स्रोतबजार छिमेकी मुलुक भारत, चीन तथा संयुक्त राज्य अमेरिका, बेलायत, अष्ट्रेलिया, श्रीलङ्का, बङ्गलादेश रहेको बोर्डले जनाएको छ । नोभेम्बरमा कुल पर्यटक आगमनमध्ये २० प्रतिशत भारतबाट आएका छन् । सो अवधिमा भारतबाट हवाईमार्ग भएर २४ हजार चार सय ४३ जना पर्यटक नेपाल आएका छन् । संयुक्त राज्य अमेरिकाबाट ११ हजार चार सय ६१ जना नेपाल आउँदै गर्दा अर्को छिमेकी मुलुक चीनबाट सात हजार छ सय एक, बेलायतबाट छ हजार एक सय ३८, अष्ट्रेलियाबाट पाँच हजार ६०, थाइल्याण्डबाट तीन हजार सात सय ६१, जर्मनीबाट तीन हजार पाँच सय १२, श्रीलङ्काबाट तीन हजार दुई सय २८ र फ्रान्सबाट तीन हजार दुई सय पाँचजना पर्यटक भित्रिएका छन् ।

## अवैध उत्खनन् गर्ने सवारी साधन नियन्त्रणमा

**मधेशदृष्टि**
**सिरहा ।**
धनगढीमाई नगरपालिका वडा नम्बर १२ स्थित सर्रे खोलामा अवैध रुपमा नदीजन्य सामग्री उत्खनन गरेर लैजाँदै गरेको अवस्थामा डिभिजन वन कार्यालय सिरहाले एउटा डोजर र ७ वटा ट्र्याक्टर शुक्रबार बिहान नियन्त्रणमा लिएको छ । जिल्ला समन्वय समिति सिरहाका प्रमुख दिनेशकुमार महतोको नेतृत्वमा डिभिजन वन कार्यालय प्रमुख सुजितकुमार झासहित गएको अनुगमन टोलीले सर्रे खोलाबाट अवैध उत्खनन गरी नदीजन्य सामग्री लगिरहेको अवस्थामा एउटा जेसिबी र ७ वटा ट्र्याक्टर नियन्त्रणमा लिएको डिभिजन वनले जनाएको छ ।
वातावरणीय प्रभाव मूल्यांकन नै नगरिएको नदीबाट अवैध ढंगबाट नदीजन्य सामग्री उत्खनन् गर्ने कार्य गरेकाले ती सवारी साधन नियन्त्रणमा लिइएको जिल्ला समन्वय समिति सिरहाका प्रमुख महतोले बताए । पक्राउ गरिएका सवारीसाधनलाई आवश्यक कारबाही प्रक्रिया अघि बढाउने डिभिजन वन कार्यालय सिरहाका प्रमुख झाले जानकारी दिए ।

## भूमिगत तार बिच्छ्याउने काम प्रभावित

**मधेशदृष्टि**
**काठमाडौँ ।**
नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले सडक विभागले सडक खन्न अनुमति नदिँदा काठमाडौँ उपत्यकाको विद्युत् वितरण प्रणाली (तार) लाई भूमिगत बनाउने काम बेवारिसे बनेको बताएका छन् । प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले सरकारी निकायबीचको समन्वय अभावमा ठूलो र महत्वपूर्ण आयोजना बेवारिसे अवस्थामा पुग्नु दुर्भाग्यपूर्ण भएको उल्लेख गरे ।
सडक विभागले आफ्नो अधिनमा रहेको सडक खन्न अनुमति नदिएपछि विद्युत् वितरण प्रणाली भूमिगत बनाउने आयोजनाको काम गएको असारबाट ठप्प छ । ललितपुर महानगरपालिका र प्राधिकरणको साझेदारीमा जडान गरिएका स्मार्ट सडक बत्ती उद्घाटन गर्न बिहीबार ललितपुरमा भएको कार्यक्रममा कार्यकारी निर्देशक घिसिङले तार भूमिगत गर्ने काममा संलग्न निर्माण व्यवसायी निर्माणस्थल छोडी हिँडिसकेको बताए ।

## एनसेल प्रकरणमा दुवै पक्ष बोलावट

**मधेशदृष्टि**
**काठमाडौँ ।**
एनसेलको शेयर बेच्ने मलेसियन कम्पनी आजियाटाको निर्णयविरुद्ध परेको रिटमा उच्च अदालत, पाटनले दुवै पक्षलाई छलफलमा बोलाएको छ । व्यावसायिक वातावरण चुनौतीपूर्ण बन्दै गएको भन्दै आजियाटाले एनसेलमा रहेको सेयर बिक्री गर्ने निर्णय गरेको थियो ।
त्यसविरुद्ध परेको रिटमा न्यायाधीश दीपेन्द्र अधिकारीको इजलासले कारण देखाऊ आदेश जारी गरी लिखित जवाफ मागेको छ । साथै अन्तरिम आदेश दिने–नदिनेबारे भने दुवै पक्षको छलफल सुनेर मात्र निर्णय गर्नु उपयुक्त हुने भन्दै मंसिर २५ गतेका लागि पेशी तोकिएको छ ।

## नेपालमा लगानी गर्न प्रधानमन्त्रीको आग्रह

**रासस**
**काठमाडौँ ।**
प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले नेपालमा पूँजी परिचालन गर्न संयुक्त अरब इमिरेट्सका लगानीकर्ताहरुलाई आग्रह गरेका छन् । जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय सम्मेलन कोप–२८ मा सहभागी हुने सिलसिलामा बिहीबार अवुधाबी पुगेका प्रधानमन्त्रीले सोही दिन साँझ नेपाल–दुबइ व्यापार मञ्चलाई सम्बोधन गर्दै नेपालमा पूँजी प्रवाह गरी त्यसको प्रतिफल उठाउन आह्वान गरेका हुन् । दुबइ उद्योग वाणिज्य सङ्घसँगको सहकार्यमा अवुधाबीस्थित नेपाली राजदूतावास र नेपाल उद्योग वाणिज्य महासङ्घले संयुक्त रुपमा आयोजना गरेको उक्त कार्यक्रममा प्रधानमन्त्री दाहालले वैदेशिक लगानी भित्र्याउन नेपाल सरकारले अवलम्बन गरेका नीतिगत सुधारबारे जानकारी दिएका थिए । त्यसक्रमा युएइका अर्थराज्यमन्त्री अब्दुल्लाह अहमद मोहम्मद अल सालेहले युएइ र नेपालबीचको आर्थिक सम्बन्धलाई अझ सबल तुल्याउन घनिभूत सहकार्य एवं साझेदारी अपरिहार्य भएको बताए । दुबइ उद्योग वाणिज्य सङ्घका प्रमुख कार्यकारी अधिकृत मोहम्मद अली बिन रसेद लुटाहले नेपाल उद्योग वाणिज्य सङ्घ र दुबइ उद्योग वाणिज्य सङ्घबीच सहकार्य एवं सहयोग अभिवृद्धिका प्रशस्त क्षेत्र रहेका बताए । महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले नेपाल र युएइबीच आर्थिक एवं व्यापारिक सम्बन्ध बढाउनुपर्नेमा जोड दिए । कार्यक्रममा युएइ र नेपालको उद्योग वाणिज्य क्षेत्रका नेतृत्वकर्ता तथा प्रतिष्ठित उद्यमी व्यवसायीहरुको उपस्थिति थियो ।

मधेशदृष्टि
वैभव



अफरोज अर्पण

# ट्रान्सजेन्डर अभियन्ता कपालीको कथा



सानो हुँदा कसैले खासै आपत्ति जनाएनन् । बच्चा हो, रहर हो, पछि लाजले गर्दैन यस्तो भन्ने मान्यता थियो । तर उमेर बढ्दै गएसँगै आफ्नो वास्तविक लैंगिकता प्रस्फुटन हुँदा वरपरका मानिसले आपत्ति जनाउन थाले । त्यहीँबाट 'ट्रान्सजेन्डर' भन्ने कि–वर्ड समातेर साइबरबाट गुगल गर्न थालेँ । त्यसरी सुरू भएको हो मेरो स्वःशिक्षाको यात्रा । बिस्तारै आत्मइन्कारीबाट निस्केर आफ्नो स्वीकारोक्तितर्फ लागेँ ।



सन् २०२३ का लागि बिबिसीले सार्वजनिक गरेको एकसय प्रभावशाली महिला सूचीमा नेपालबाट रुक्साना कपालीसमेत समेटिएकी छन् । ट्रान्सजेन्डर मानवअधिकारवादी अभियन्ता कपालीले यौनिक तथा अल्पसंख्यक लैंगिक समूहबारे खुलेर बोल्दै आएकी छन् । कानुनकी विद्यार्थी उनले नेपालमा एलजिबिटी प्लस समूहका लागि कानुनी र संवैधानिक अधिकार स्थापित गर्न सक्रियता जनाउँदै आएकी छन् । कपालीले पूर्व अमेरिकी प्रथम महिला मिसेल ओबामा, मानवअधिकार वकिल अमल क्लुनी, बालोन डीओर विजेता फुटबलर आइटाना बोनमाटी, एआई विशेषज्ञ टिम्निट गेब्रु, नारीवादी आइकन ग्लोरिया स्टेनेम, हलिउड स्टार अमेरिका फेरेरा र सौन्दर्य मुगुल हुडा कट्टानसँग जोडिने बिबिसीले जनाएको छ । बेवारिसे शव दाहसंस्कारमा संलग्न सपना रोका मगरलाई बिबिसीले सन् २०२० का लागि विश्वभरका एकसय प्रेरणादायी र प्रभावशाली महिला सूचीमा समावेश गरेको थियो । सन् २०१९ मा नेपाली आविष्कारक बोनिता शर्मा पनि सूचीमा परेकी थिइन् । वादी नेता र सुदूरपश्चिम प्रदेशबाट प्रदेशसभा सदस्य उमादेवी वादी सन् २०१८ मा सूचीमा परेकी थिइन् ।



**कपालीको बाल्यकाल**

रुक्सना कपालीको जन्म काठमाडौँ उपत्यकाको पाटनमा एउटा परम्परागत नेवार परिवारमा भएको हो । कपालीको बाल्यकाल उनको पारिवारिक सांस्कृतिक पृष्ठभूमिबाट धेरै प्रभावित थियो । उनी जन्मिँदा पुरुष भन्ने अनुमान गरिएको थियो । हाम्रो समाजमा कुनै बच्चा जन्मन बित्तिकै लैंगिकता अनुमान गरिन्छ । कसैको लिंग छ भने उसलाई केटा हो भन्ने गरिन्छ र सोहीअनुसार ऊ पुरुष हुन्छ र महिलासँग आकर्षित हुन्छ भन्ने मान्यता छ । यो धेरै व्यक्तिका लागि सत्य होला, तर त्यस्ता धेरै व्यक्ति छन्, जसका लागि यो सत्य हुँदैन । त्यसैमध्ये कपाली पनि पर्छिन् । उनको खुट्टाबीचको अंग हेरेर केटा भन्ने निर्धारण त गरियो, तर उनको स्वःअनुभूतिले त्यो भनेन । उनी भन्छिन्, 'मेरो लैंगिक अन्तरबोधनअनुसार म सधैँ केटी थिएँ ।' उनलाई उनको लैंगिक अनुभूति सानै उमेरदेखि थाहा थियो । उनलाई बाल्यकालमा चिन्ने जो कसैलाई पनि यो तथ्यको जानकारी छ । जब उनी सानो थिइन्, उनलाई लिङ्ग के हो थाहा थिएन । समाजले भनेजस्तै थियो, कसैले स्कर्ट लगाउछ र कसैले पाइन्ट लगाउँछ । उनलाई स्कुलबाट फर्केर उनको शिक्षिकाजस्तै अभिनय गरेको याद छ । उनी पछि स्कर्ट लगाएर शिक्षिकाजस्तै अभिनय गर्ने प्रयास गर्थिन् । उनी काकीको हाइहिल लगाउने गर्थिन् । त्यहाँ धेरै फरक कुरा थिए जसलाई मानिसले उनलाई 'केटी' भनेर बुझे । उनको कपाल पनि लामो थियो । नेवारी परम्परामा धेरै वर्षसम्म कपाल काट्दैन् । उनकी आमाले स्कुल जान उनको कपाल बेरिन् । धेरै



मानिसले उनकी आमालाई सोध्ने गर्थे, 'यो तिम्री छोरी हो ?' मानिसहरूले त्यसो भनेपछि उनी खुशी भएको सम्झन्छिन् । तर, उनकी आमाले उनीहरूलाई सधैँ उनी उनको छोरा हुँ भनेर बुझाउँथिन् । जुन कुरा उनलाई साँच्चै मन परेको थिएन् । घरमा उनलाई केटीको रूपमा लुगा लगाउन मन पथ्र्यो, जुन मानिसलाई धेरै अपमानजनक लाग्यो । उनी सम्झन्छिन्, 'मलाई याद छ, एक दिन, दोस्रो कक्षामा पढ्दा मेरो एकजना आफन्तले मलाई मनपर्ने पहिरन लगाएकोमा नराम्ररी थप्पड हाने ।' 'मसँग के भइरहेको थियो भनेर मैले बुझ्न सकिनँ किनभने म त्यतिबेला सानै थिएँ । मलाई लाग्छ जब म पाँच कक्षामा थिएँ, जब मेरा साथीहरूले 'तिमी स्त्रीलिंगी तरिकामा हिँड्छौ' भन्न थाले । मैले उनीहरूलाई स्त्रीलिंगी तरिकाको अर्थ के हो भनेर सोधेँ र उनीहरूले भने कि मैले महिलाको रूपमा मेरो कम्मर सारेँ ।' उनलाई समाजले केटा भने पनि उनले आफूलाई सानै उमेरदेखि केटी भन्थिन् । धेरै सानो हुँदा कसैले खासै आपत्ति जनाएनन् । बच्चा हो, रहर हो, पछि लाजले गर्दैन यस्तो भन्ने मान्यता थियो । तर उमेर बढ्दै गएसँगै आफ्नो वास्तविक लैंगिकता प्रस्फुटन हुँदा वरपरका मानिसले आपत्ति जनाउन थाले ।

**शिक्षामा संघर्ष**

उनी कक्षा ६ देखि वातावरण होस्टाइल हुन थालेकी थिइन् । 'केटा भएर पनि केटी जस्तो बेहोरा देखाउने' भन्ने टिप्पणी लगभग दिनहुँ जीवनको हिस्सा हुन थालेको थियो । हुर्किँदै गरेको उमेरमा उनलाई पारलैंगिक व्यक्ति तथा एलजिबिटीआइबारे जानकारी दिने दिलाउने स्रोतसामग्री पर्याप्त र पहुँचयुक्त थिएन । समाजमा सम्मानजनक ढंगले कुराकानी हुँदैनथ्यो । उनीजस्तो प्रकृतिका मानिसलाई होच्याउने, हेप्ने बाहेकका संवाद उनले सुनेकी थिइनन् । विद्यालयको पाठ्यपुस्तकमा थिएन । पत्रपत्रिकामा आउँदैनथ्यो । फाट्टफुट्ट आउँथे होला, तर मानिसको दीर्घकालीन ध्यानाकर्षण हुने गरी आउँदैनथ्यो । अहिले जस्तो हात–हातमा स्मार्टफोन र घरघरमा वाइफाइ थिएन । साइबर गएर इन्टरनेट चलाउने चलन थियो । उनलाई उनको लैंगिक अनुभूति किन यस्तो भएको भन्नेबारे जान्ने बुझ्ने कुनै कतै स्रोत थिएन । उनले पहिलो पटक 'ट्रान्सजेन्डर' भन्ने शब्द सुनेकै कक्षा ८ मा पढ्ने बेला हो । त्यति बेला लोकप्रिय कलाकार सन्तोष पन्तको छोरीको चर्चा चलिरहेको थियो । कपालीले कान्तिपुर साप्ताहिकमा प्रकाशित उनको अन्तर्वार्ता पढ्ने मौका पाइन् । उनले भनिन्, 'सायद अहिलेको समयमा म उनका सबै विचारमा सहमत नहुँला तर त्यसबेला मैले जीवनमा पहिलोपटक आफूजस्तै अनुभूति गरेको मान्छेबारे पढ्न बुझ्न पाउँदा मैले मेरो भावनाको छाल थाम्न सकेको थिइनँ । त्यहीँबाट 'ट्रान्सजेन्डर' भन्ने कि–वर्ड समातेर साइबरबाट गुगल गर्न थालेँ । त्यसरी सुरू भएको हो मेरो स्वःशिक्षाको यात्रा ।' उनी बिस्तारै आत्मइन्कारीबाट निस्केर आफ्नो स्वीकारोक्तितर्फ लागेको कक्षा ९ पढ्दै गरेको ताका हो । उनी बाध्य भएर 'केटा जस्तो बनेर देखाउन पर्छ' भन्ने सोच त्यागेर 'म जस्तो छु, त्यसरी नै प्रस्तुत हुन्छु' भनेर अघि बढेको यही समय हो । उनी विस्तारै खुल्न थालिन् । उनको सबैभन्दा ठूलो धोको एसएलसी उत्तीर्ण गर्नु थियो । उनको 'बेहोरा' का कारण विद्यालयको 'बेइज्जत' हुन्छ भन्ने मान्यता धेरैमा भएकाले त्यहाँ पढुन्जेल, 'त्यस्तो' केही गर्न नपाइने भन्ने जबर्दस्त अवरोध थियो । त्यस्तो भनेको नमानेमा उनले 'कन्सिक्वेन्सेस' भोग्नुपर्ने धम्की पनि थियो । कहिले एसएलसी सकिन्छ भन्ने उनको मनमा तडप थियो । उनी भन्छिन्, 'औँला भाँच्दै दिन गन्दै थिएँ । मलाई अझै पनि स्मरण छ, मेरो एसएलसीको अन्तिम परीक्षा सकेपछि म कति खुशीले दगुर्दै घर फर्केको थिएँ ।' कक्षा १० पछि, उनले नागरिकता प्राप्त गरिन् । उनी भन्छिन्, 'यो मेरो लागि ठूलो कुरा थिएन । यद्यपि, मलाई आफूलाई 'अरू' को रूपमा सूचीबद्ध गर्न बाध्य पारिएको तथ्य मन परेन । मैले त्यो अपमानजनक मात्र होइन, मलाई सहीरूपमा सम्बोधन नगरेको कुरा पनि पाएँ । मैले गर्नसक्ने एउटा मात्र नाम थियो जसलाई सम्बोधन गर्न चाहन्छु ।' कक्षा १० सम्म केटाका रूपमा चिनिने कपालीले कक्षा ११ र १२ उत्तीर्ण गरेकी रुक्सना कपाली नामकी केटी हुन् । २४ वर्षीया स्नातक अध्ययरत कपाली करिब एक दर्जन भाषाकी जानकार छिन् ।



**नेवा आन्दोलनको हिस्सा**

उनलाई नेपाली र अंग्रेजी मात्रै थाहा थियो, नेपालका अधिकांश शैक्षिक संस्थामा प्रयोग हुने दुई भाषा मात्र । घरबाहिर मातृभाषा बोल्न नसक्ने भएकाले, उनमा यसको बारेमा थप जान्न उत्सुकता र इच्छा जागृत भयो । उनी पुस्तकालयमा गएर नेपाल भाषामा लेखिएका पुस्तक पढ्न थालिन् र अन्ततः भाषाको प्राज्ञिक अध्ययन गर्न थालिन् । त्यहीँबाट मेरो भाषा र संस्कृतिका विषय खोज्ने उनको यात्रा सुरु भयो र त्यसरी नै उनी नेवा आन्दोलनको हिस्सा बनिन् । यसैबीच, ट्रान्सजेन्डर व्यक्तिका रूपमा उनको आफ्नै व्यक्तिगत यात्राले उनलाई एलजिबिटिआइक्यु आन्दोलनमा सामेल हुन प्रेरित गर्यो । उनी भन्छिन्, 'नेवा आन्दोलन धेरै पितृसत्तात्मक र भिन्नतावादी छ । मैले साथी नेवा कार्यकर्ताहरूबाट धेरै ट्रान्सफोबियाको सामना गरेँ । सबैजना जातीय मुद्दाबारे कुरा गर्न चाहन्थे, तर कोही पनि नेवा समुदायभित्र व्यापक दुव्र्यवहार वा एलजिबिटिआइक्यु व्यक्तिले सामना गर्ने भेदभाव स्वीकार गर्न चाहँदैनन् ।' उनले आन्दोलनभित्र पनि यस्तै समस्या अवलोकन गरिन् । यसले उनलाई काठमाडौँ उपत्यकाका साथी युवा कार्यकर्तासँग क्वियर युवा समूह नामक वकालत समूह खोल्न प्रेरित गर्यो । उनी भन्छिन्, 'हाम्रा तीन आधारभूत सिद्धान्तः हामीले लिङ्ग र कामुकतालाई स्पेक्ट्रमको रूपमा लिन्छौँ, हामी अन्तरसम्बन्धित हौँ र विविधतालाई स्वीकार गर्छौँ । मलाई लाग्छ कि यसले मलाई मेरो दुई सक्रियताबीच तालमेल खोज्न धेरै मद्दत गरेको छ । हामी विचित्र आन्दोलनभित्र जातको कुरा किन गर्दैनौँ ? जातीयताको कुरा किन नगर्ने ? यी प्रश्न र छलफलहरू हाम्रो युवा समूहमा भइरहेका छन् ।'

वैभव मधेशदृष्टि
२०८० साल मसिर १६ गते शनिबार
Saturday 02, December 2023

# फ्रस्टेसनोमेनिया



गणेशप्रसाद लाठ

सरोजबाबुको मानसिक अवस्था यता केही दिनदेखि अनौठो भएको छ । आँखा दिनभरि सुन्यमै गडेका हुन्छन्, बेलाकुबेला आँखाबाट आँसु बरर्र झर्न थाल्छन् । बोल्न सुरू गरे भने चुप नै हुदैनन् ।
सरोजबाबुको यस्तो अवस्था हुनुपछाडिको कारण परिवारका सदस्यले 'सन १९९३ मा बनेको सिन्डलर्स लिष्ट नामक सिनेमा नै हो' भन्छन् ।
अमेरिकामा निर्मित सो सिनेमामा लियोन निसनले जर्मन उद्योगपति– ओस्कर सिन्डलर्को रूपमा मुख्य अभिनेताको भूमिका निर्वाह गरेका थिए भने जोन किङ्स्लेले यहुदी लेखापाल– इत्जाक स्टर्नको रूपमा सहायक अभिनेताको भूमिका निर्वाह गरेका थिए ।
सुरूदेखि अन्तसम्म सो सिनेमामा नाजी सेनाको बर्बरता र सो बर्बरताको विरूद्धमा ओस्कर शिन्डलर्ले गरेको अति जोखिमपूर्ण प्रयास देखाइएको छ ।
सरोजबाबुले मोटामोटी २५ बर्षअगाडि पनि त्यही सिनेमा हेरेका थिए, त्यो पनि ठूलो पर्दामा । उतिबेला उनी जोशजाँगर भएका लख्खा जवान थिए । उनी आफै भन्छन्, 'प्रथम पटक हेर्दा उनलाई त्यो सिनेमा अनाहकमा तर्साउनलाई बनाएको अतिरञ्जित कथाजस्तो लागेको थियो ।' यो पटक हेर्दा उनको अवस्था विचित्र पाराको भएको छ ।
खोत्लिन खोज्दा उनी सो सिनेमामा खलनायककी भान्सेको रूपमा कार्यरत एक यहुदी पात्राको भनाई दोहर्याउछन्, 'मलाई थाहा छ, नाजीहरू कुनै बेला मेरो पनि हत्या गर्न सक्छन् । तर म बाँच्न चाहन्छु । के गर्दा बाँच्न सकिन्छ ? कुन नियम पालन गर्दा नाजीहरूले ज्यान लिदैनन् ? त्यो यकिन नै हुन सकेको छैन ।'
उनी अचेल स्वयम्लाई सिन्डलस् मान्न थालेका छन् । सिन्डलस् लिष्टको हरेक दृश्यसित नेपालको घटनाक्रमसित बलजपिÞm्त जोड्न थालेका छन् । 'यो देशको टाँट कुनै बेला पनि पल्टिन सक्छ । देशमा कुनै बेला पनि नयाँ हिटलर आउन सक्छ । नयाँ युद्ध घन्किनसक्छ । भएका कारागारहरूमा गोडा राख्ने ठाँउ हुदैन । स्कुलकालेजहरू कारागारको रूपमा प्रयोग हुने छन् । निर्दोषहरू अनाहकमै मारिनसक्छन् ।' सिरानपुच्छरका भविष्यवाणी गर्दै हिँडेका छन् । घरका मान्छे सम्झाएर हैरान छन्, 'नाजी सेनाको बर्बरता अतितको कुरो हो । अनि तपाईं उहिलेको जर्मनीमा होइन अहिलेको नेपालमा हुनु हुन्छ । यहाँ तपाईंको मात्र होइन, कुनै पनि समान्य नागरिकको अधिकार अथवा ज्यानमाललाई खतरा छैन ।'
उनी बुझ्न अथवा सुन्न माने पो । सिर न पुच्छरका कुतर्कहरू झिकिराख्छन्, 'देशका युवाहरूको जाँगर लुटिँदै छ, विवेक–बुद्धिको हत्या हुँदै छ । उनीहरूको सकारात्मक सोचको बलात्कार हुँदै छ । जे गर्दा पनि सोचेजस्तो काम पाएका छैनन् । पढाई गरे अनुसारको काम पाएका छैनन् । जानेको सिप अनुसार उद्यम गर्न सकेका छैनन् । देश बनाउन खोज्दा अगाडि बढ्न दिइएको छैन । उनीहरूको हातमा रातो मसी भरिएको कलम हुनु पर्ने तर झण्डा र डण्डाबाहेक क्यै पाएका छैनन् ।' लोकसेवाको तयारी गरिराखेका युवाहरूलाई खुलेयाम भन्न थालेका छन्, 'स्वाभिमानको भारी बोकेर त्यो बाटोमा हिड्न गार्हो हुन्छ बाबु । यहाँ हरेक तबकामा गुटबन्दी छ । गुटका नाइकेको चाकडी गर्नु पर्छ । गतिलो ठाँउमा पुग्न अनेक ढोकामा गएर ढोग्नु पर्छ । बरू, चिया पसल खोल्यौ भने तिम्रो स्वाभिमान एक हदमा जोगिन सक्छ ।'
उनी लखर लखर गर्दै दिनहु अन्तर्राष्ट्रिय हवाई अड्डा पुग्छन्, विदेशिन लागेका प्रत्येक युवालाई बधाई दिँदै एउटै कुरोको रटान हान्छन्, 'जाउ ! जाउ ! यहाँ फर्किएर कहिल्यै नआउ । उतै कुनै काम खोज्नु । यहाँ खतरा छ ।' अब त आपÞm्नै सन्तानलाई समेत उल्टोपुल्टो अर्ति दिन थालेका छन्, 'म बुढो मान्छे यही जन्मे, यही मर्छु । बरू तिमीहरू कुनै राम्रो देश खोजेर गइदेउ । यो देशमा अब तिमीहरूको भविष्य रहेन ।'
'यस्ता वाहियात कुरोहरूउपर टाउको नदुखाउनोस् न' भनेर जति सम्झाए पनि उनी सुन्न तैयार छैनन् । उनी आफै उच्च तहमा पुगेर अवकास प्राप्त गरेका राष्ट्रसेवक, हाकाहाकी भन्छन्, 'यो देशको नीतिनियम नै एनीहाउ दुई पैसो एक्स्ट्रा बनाउखाले छ । हरेक नीतिनियममा जानाजानी दुलोहरm राखिएका छन् । राखिएन भने उपल्लो आम्दानी कसरी हुनु ? यहाँ हरेक क्षेत्रमा बेइमानहरूको हालीमुहाली छ। यो देशमा तक्मा पाउनेलाई पनि थाहा हुदैन कि कुन काम गरेवापत उसले तक्मा पाएको छ ।'
उनको छिमेकमा सोमेश्वर नाम भएको एक जना ब्यापारी बस्छ । उसको स्माल मिस्टकले ठूलो गल्ती भयो । आफ्नो टिबी, फ्रिज आदिको एक नयाँ सो रूमको उद्घाटन कार्यक्रम पाल्न उनलाई निम्तो दिन गइदियो । सोमेश्वरलाई हेर्न बित्तिक्कै उनको एकसरो बकबक सुरू भइहाल्यो, 'ब्यापार किन गरेको ? जेल जाने मन छ ? राजनीतिमा किन जाँदैनौ ? तिमीजस्ताको भविष्य राजनीतिमा बढी छ । यहाँ पनि कानुन मिचेकै छौ, उता पनि त्यही त गर्ने हो । बरू उता नाम र दाम, दुबै कमाउने छौ । र, हातमा पावर पनि हुनेछ । सोर्सपैरवी लगाउनु पर्यो भने मलाई भन्नु ।' विचरो सोमेश्वर रून्चे मुख लिँदै त्यहाँबाट फर्कियो ।'
उनको दृष्टिमा यो देशमा कानुनले वर्जित जुक्तिहरू प्रयोग गरिएन भने यहाँका ब्यवशायिक प्रतिष्ठान सफल हुनै सक्दैन । व्यवसायिक प्रतिष्ठानहरूमा जति जोगिएर काम गरे पनि कुनै न कुनै कानुनको फन्दामा मज्जाले तान्न सकिन्छ । कानुनको व्याख्या नै परिस्थिति अनुसार फेरिन सकिने खालको जस्तो छ, एक कोषिय अमिबाजस्तै । एउटा मन्त्रालयको कानुन आर्कोसित बाँझिएको छ । एउटा विभाग आर्को विभागको कुरो सुन्दैन । तिन तहका सरकारहरू बीच सदैव बाझाबाझ नै चलिरहन्छ । ब्यवशायीले एउटा कानुनको पालना गर्दा आर्को कानुनको अवहेलना गरिराखेकै हुन्छ ।
'छ्या ! तपाईंले हुदै नभएका कुराहरूबारे यसरी बोल्नु हुदैनथ्यो ।" सबैले सम्झाउँछन् । तर उनको मगजमा 'पुष्पा झुकेगा नहीं, साला' को भूत चढेकोजस्तो छ, मान्दैनन् । उनलाई कोही राष्ट्रसेवक भेट्न गयो भने सर्वप्रथम सोध्छन्, 'तिमीलाई कुनै राजनैतिक पार्टीको संरक्षण प्राप्त छ कि छैन ? छ भने कुन तहको नेतासम्म पहुच छ ? तिम्रो पहुचवाला नेताको उठबस सतारूढ महानेताहरूसँग छ कि छैन ?' उनी हाकाहाकी भन्दै हिडेका छन्, 'यो देशमा राजनैतिक संरक्षण प्राप्त नभएको राष्ट्रिय सेवकको काम नै छैन । पत्याउँदै नपत्याएकाहरू माथि उठ्दै जाने छन् । कर्मठ राष्ट्रसेवकहरू जहाँको तहीँ अड्किरहने छन् ।
अस्ति अन्तर्राष्ट्रिय खेलमा मेडल जितेर विदेशबाट फर्किदै गरेका खेलाडीहरूसित उनको जम्काभेट भयो ।
हवाई अड्डामै मगज खान सुरू गरिदिएका थिए, 'यति राम्रो प्रदर्शन गर्यौं । हाम्रो नाक ठाडो भयो । तर अब तिमीहरूउपर कुनै बेला पनि कुनै मुद्दा लाग्न सक्छ । तिमीहरूको बहानामा सोशलमिडिया वार सुरू हुन सक्छ । बरू उतै कुनै देशमा सिफ्ट भए हुन्थ्यो । यता तिमीहरmलाई माया गरेजस्तो नाटक मात्र गर्छन् । उता तिमीलाई माया मात्र होइन, तिम्रो रक्षा पनि गर्ने छन् ।'
हिजो त हदै भयो । उनको छोरो, खगेश्वर उनलाई डाक्टर हेराउन लगेको थियो । उनी डाक्टरकै सातो खान थाले, 'तपाईंको डाक्टरीको प्रमाण पत्र जाली पनि हुन सक्छ । पहिला आफ्नो प्रमाण पत्र असली छ भनेर पुष्टी गर्नोस्, अनि मात्र मेरो शरीरको जाँचपडताल गर्नु होला ।' अपमानभावले विचरा डाक्टरको अनुहार रातो भएको थियो । 'होइन बुबा । हजारमा एक दुईको प्रमाण पत्रमा गडबडी भएको हुन सक्छ । त्यो पनि नेपालबाहिर पढेकाहरूको । म त नेपालमै मेडिकल पास गरेको हुँ ।' डाक्टरले यति भनेपछि उनी जाँच गराउन माने । जाँच गराउँदागराउँदै उनले थप बम फोडिहाले, 'डाक्टर साप, तपाईं अहिलेसम्म गोदाई खानु भएछ कि छैन ?'
डाक्टरले लजाउँदै सकार्यो, 'एक महिनाअगाडि त खाएको थिए । अस्पतालको कैन्टीनमा बसेर अन्य डाक्टरका साथ चिया खाँदै थिए । एक हुल मान्छे आए, धमाधम हिर्काउन थाले । केही बुझ्न नपाउँदै हिर्काएर हिडिहाले । पछि थाहा पाए, उनको कुनै आफन्तको मृत्यु भएछ ।' 'त्यसो भए अब तपाईं नेपाल बस्न योग्य हुनु भयो । बधाई छ ।' डाक्टरसित हात मिलाउँदै सरोजबाबुले भने । उनको छोरो खगेश्वरलाई निकै लाज भयो ।
डाक्टरलाई एक कुनामा लग्यो । मसिनो स्वरमा माफी माग्दै सोध्यो डाक्टर साप, 'यिनलाई खासमा कुन रोगले गालेको छ ?' 'खासमा यिनलाई फ्रस्टेसनोमेनिया भएको छ ।' डाक्टरको स्वरमा गम्भीरता थियो । 'यो रोगको उपचार सम्भव छ कि छैन ?' खगेश्वरको चिन्ता झनै बढ्यो । 'यस्तो रोगको लागि कुनै औषधी त अहिलेसम्म बनेको छैन ।' डाक्टरले लाचारी प्रकट गर्यो । केही बेरको गुणाभागपश्चात् डाक्टरको अनुहार उज्येलियो, 'एउटा उपाय त छ । तर अलि खर्चिलो छ । यिनको लागि कुनै सानोतिनो मन्त्रालय जोहो गरिदिनु भयो भने पनि सबै समस्याको समाधान आफसे आफ हुनेछ । क्यै गर्नै पर्दैन । यिनलाई देशको अर्थब्यवस्था, शान्ति–सुब्यवस्था, रोजगार–ब्यापारजस्ता हरेक थोक आफसे आफ ठीकठाँउमा फर्किएको लाग्न थाल्ने छ । अहिले बकबक गरिराख्नु भएका कुरोहरूको ठीक उल्टो बोल्न थाल्नु हुन्छ ।'

---

## उत्तरको छिमेकीको कथा

# आधुनिक कृषिले बदलेका चिनियाँ गाउँ



रमेश लम्साल
बौसान, युनान।

आधुनिक कृषि प्रणालीले ल्याएको परिवर्तन आफैँमा लोभलाग्दो छ । उत्पादित कृषि उपज बिक्रीका लागि वौसानदेखि खुनमिङका डिपार्टमेन्टलहरुमा सोझै लगिन्छ । बीचमा बसेर कमिसन खाने कुनै बिचौलिया छैनन् । खेती प्रणाली व्यवस्थापनको काम स्थानीय पार्टी समिति मातहत रहेको सहकारीले गर्दछ ।

जतातत‌ै आँपका बिरुवा लगाइएका छन् । सिँचाइका लागि हरेक बोटका मुनि पाइप राखिएको छ । हुर्किएका बिरुवा मिलाएर छिमलिएको छ । कान्ला सफा र चिटिक्क पारिएको छ । कम्पोष्ट मलका लागि घाँस र पात सङ्कलन गर्ने व्यवस्था गरिएको छ ।
एकै खालका हजारौँ आँपका बोटले प्रकृतिलाई पनि उत्तिकै सुन्दर देखाएको छ । आँखाले भ्याउन्जेलको ठाउँमा रोपिएका ती आँपका बोटको रेखदेखका लागि निरन्तर रुपमा मानिसहरु खटिएका छन् । रोगव्याधी लाग्न नदिन उत्तिकै सचेतना अपनाइएको छ । कामदारलाई 'सिफ्ट' प्रणालीमा खटाइएको छ । विभिन्न प्रजातिका आँपले क्रमशः उत्पादन दिने र अर्थतन्त्रमा ठूलो योगदान गर्ने विश्वास पनि उत्तिकै छ ।
यस किसिमको आधुनिक फलफूल खेती भएको ठाउँ हो कुनै बेलाको गरिब भनेर चिनिएको चीनको युनान प्रान्तको बौसान नगरपालिकास्थित छिङवाङ ड्रागन फ्रुट प्लान्टिङ बेस । यो स्थान कुनै बेला रातो माटोको गाउँ भएकाले खेती नहुने र तथा गरिब बस्ने स्थानका रुपमा परिचित थियो । पछिल्लो दिनमा यस क्षेत्रको रुप फेरिएको छ । चिनियाँ राष्ट्रपति सि जिन फिङले अगाडि सारेको गरिबी निवारणको केन्द्र बनेको छ । कृषि पेसालाई नै आधुनिक तरिकाले अगाडि बढाएको यो स्थानबाट क्रमशः गरिबी एकादेशको कथा बन्न पुगेको छ । मानिसको आर्थिक स्थितिमा सुधार भएको छ भने विश्व समुदायका लागि एक अध्ययन स्थलका रुपमा समेत परिचित भएको छ ।
स्थानीय सरकारले एकीकृत खेती प्रणाली अपनाएको छ । त्यसमा पनि जैविक खेती प्रणालीलाई व्यवहारमा लागू गरेको छ । उम्रेका झारपातलाई मल बनाइएको छ । परम्परागत र आधुनिक दुवै प्रणालीलाई मिश्रण गरिएको खेती प्रणालीले मानिसको जीवनस्तरमा सुधार गरेको छ भने आर्थिक उन्नयनको मार्गचित्रमा गुणात्मक फड्को मारिएको छ । बारीका प्रत्येक गह्रामा पुग्नका लागि बाटो बनाइएको छ । सोही बाटोबाट हरेक बोटसम्म मल, कीटनाशक औधषि तथा अन्य सामग्री सहजै पु¥याइन्छ । हरेक मानिसले तोकिएको जिम्मेवारी पूरा गर्छन् । काम गर्ने, त्यसको अनुमगन तथा निरीक्षणका लागि फरक फरक मानिस खटिएका छन् ।

आधुनिक कृषि प्रणालीले ल्याएको परिवर्तन आफैँमा लोभलाग्दो छ । उत्पादित कृषि उपज बिक्रीका लागि वौसानदेखि खुनमिङका डिपार्टमेन्टलहरुमा सोझै लगिन्छ । बीचमा बसेर कमिसन खाने कुनै बिचौलिया छैनन् । खेती प्रणाली व्यवस्थापनको काम स्थानीय पार्टी समिति मातहत रहेको सहकारीले गर्दछ ।

आधुनिक खेती प्रणालीलाई पर्यटनसँग पनि जोडिएका छ । देशभित्रका हजारौँ मानिस दैनिकजसो नै त्यस क्षेत्रमा भएको खेती हेर्न आउने गरेका छन् । छिङवाङडार्गन फ्रुट अफ सबट्रपिकलक्यास क्रप्स अफ युनान एकेडेमी अफ युनान एग्रिकल्चर साइन्सलाई हेर्दै आएका स्थानीय पार्टी समितिको डेपुटी पार्टी सेक्रेटरी चेन जी लीले भने, 'हामीले कृषिलाई प्रविधिसँग, प्रविधिमार्फत बजारसँग र बजारलाई सहजरुपमा उपभोक्तासँग जोडेका छौँ । यसले स्थानीय उत्पादनको बजारीकरण तथा आर्थिक उन्नयनको क्षेत्रमा ठूलो योगदान गरेको छ ।'

हरेक दिन खेतबारीमा के काम गर्ने, किसानलाई के कसरी परिचालन गर्ने, कुन बाली टिप्ने बेला भयो, कुन बालीमा मल पानी लगाउने बेला भयो भन्ने बारेमा स्पष्टसँग कार्यतालिका बनाइएको छ । कसले के गर्ने हो त्यसको व्यवस्था गरिएको छ । सँगसँगै प्राविधिक पनि खटाइएका छन् । कीटनाशक औषधि कसरी राख्नेदेखि सबै काम प्राविधिकले गर्छन् । साथमा वैज्ञानिक पनि छन् । उनीहरुले हरेक उपजको अध्ययन गर्छन् । माटोको गुणस्तरदेखि सिँचाइसम्मको ख्याल गर्छन् ।

कहीँ कतै पनि जमिन खाली छैन । कोही पनि बेरोजगार छैनन् । सबै स्थानमा बाली लगाइएको छ । सडकको दायाबाया कतै केरा रोपिएको छ भने कतै कफी रोपिएको छ । सुन्तला, आँपका बिरुवा पनि छन् । कतै ड्राग्रन फ्रुट पनि लगाइएको छ । यसले खेतीमा विविधता पनि दिएको छ । उत्पादनमा विविधताका साथै आम्दानीमा पनि उत्तिकै फरकपन छ । डेपुटी पार्टी सेक्रेटरी चेन जी लीले भने, 'गरिबी निवारणको यो ढाँचा साँच्चै चिनियाँ विशेषतामा आधारित छ । हाम्रा पार्टीका महासचिव सि जिन फिङले अगाडि सार्नु भएको नीतिको हामीले अक्षरशः कार्यान्वयन गरेका छौँ । यसले हामीलाई मार्गदर्शन मात्रै गरेको छैन, अरुका लागि पनि प्रेरणाको स्रोत बन्न पाएका छौँ ।'

वौसान सहर नजिकै रहेको लुजिङवाङमा भेटिएका डेपुटी पार्टी सेक्रेटरी चेन जीका अनुसार सबैले आआफ्नो जिम्मेवारी पूरा गर्ने मामिलामा कोहीभन्दा कोही पनि कम नभएको बताए । उनको फार्ममा फल्दै गरेको कफी मेहनतको अर्को उदाहरण हो । विशाल टनेलभित्र फल्दै गरेका कफीले आधुनिक चीनको आधुनिक कृषि प्रणालीको अर्को नमूना पेस गरेको थियो । उनले भने, 'चीनमा यस्ता धेरै कफी फार्महरु छन् । त्यसमध्ये सबैभन्दा गुणस्तरीय र स्वादिलो कफी हामी उत्पादन गर्छौँ । स्थानीय माग पूरा गरेर बाहिरी सहरमा समेत यहाँको कफी बिक्री हुने गरेको छ ।'



सोही फार्ममा कफी वैज्ञानिकका रुपमा कार्यरत हुङजी छिङले पाक्दै गरेको कफी देखाउँदै भने, 'हरेक कफीका बोट मेरा छोराछोरी जस्तै छन् । हरेकलाई हुर्काउन मैले उत्तिकै मेहनत गरेको छु । यसको मल, पानीको पनि उत्तिकै ख्याल गरेको छु । यिनका हरेक दाना मलाई उत्तिकै प्रिय लाग्छन् । यसले युनान प्रान्तको शान र नाम दुवै राखेको छ । मेरो कामको समेत सम्मान गरेको छ ।' उनले आफ्नै चिनियाँ लवजमा कृषि प्रणालीमा भित्र्याइएको आधुनिक पदतिले बदलेको चित्र र चरित्र उत्तिकै प्रभावकारी रहेको बताए ।

वैज्ञानिक तरिकाले गरिएका हरेक खेतीका आआफ्नै विशेषता छन् । जुन नेपाल र हामी नेपालीका लागि पनि उत्तिकै अनुकरणीय हुन सक्ने नेपाली कांग्रेसका नेता एवम् काठमाडौँ क्षेत्र नम्बर १० का सांसद राजेन्द्रकुमार केसीको भनाइ छ । यही नोभेम्बरको ७ देखि १४ तारिखसम्म चीनको युनान प्रान्तको भ्रमणमा रहेका केसीले असाध्यै चासोका साथ अत्याधुनिक कृषि प्रणाली र खेतीको समेत निरीक्षण गरे । दक्षिण एसियाका पार्टीहरुको सम्मेलनमा भाग लिन युनान पुगेका सांसद केसीले भने, 'रोजगारीको खोजीमा देश छाडेर विदेशिएका युवालाई यस्तै आधुनिक कृषि प्रणालीको प्रबन्ध गरेर देश फर्काउने उपायको खोजी गर्न सकिए नेपालले पनि ठूलो प्रगति गर्न सक्छ । हामी पनि त्यसतर्फ लाग्नै पर्छ ।' थुमुक्क परेका आँपका बोट, त्यसैको डिलमा फल्दै गरेका केरा, अनि साथमा ड्रागन फ्रुट । खेतीको विविधता अनि ठूलो संख्यामा गरिएको खेतीले आधुनिक चीन र त्यसको बदलिदो तस्बिर देखाइरहेको छ । कुनै बेलाको गरिब मानिएको युनान प्रान्तले बदलेको तस्बिर आफैँमा नेपालजस्ता देशका लागि अनुकरणीय बनेको छ ।

'हामीले सिकेको ज्ञान सीप अरूलाई पनि बाड्न चाहन्छौँ,' डेपुटी पार्टी सेक्रेटरी चेन जी लीले भने, 'हामी अरूलाई पनि हाम्रो सफलताको कथा सुनाउन चाहन्छौँ । किनकि ज्ञान अरूलाई बाँड्दा फाइदा हुन्छ भन्ने मान्यता हामी राख्छौँ ।' चीनले पछिल्लो समय गरिरहेको कृषि उपजको विस्तार आफैँमा उदाहरणीय रहेको छ । तीव्र रुपमा आर्थिक विकासको यात्रामा अगाडि बढिरहेको चीनले आफ्नो परम्परागत कृषि पेसालाई पूर्णतः आधुनिक बनाएको छ । बाओसानको दक्षिणतर्फ बग्ने नुचियाङ नदी किनार क्षेत्रका विशाल फाँटहरु हराभरा छन् । जहाँ किसानको मेहनतका अलावा राज्यले कृषि क्षेत्रलाई कुन हदसम्म प्राथमिकतामा राखेको छ भन्ने स्पष्ट देख्न पाइन्छ । जहाँ कहीँ कतै पनि खाली जमिन भेटन मुस्किल छ । जतातत‌ै कृषि उपजले भरेको छ । जहाँ मकै, फलफूलदेखि अनेकन कफीको खेती गरिएको छ । फराकिला सम्म फाँटदेखि भिराला पठारसमेत कृषि उपजले भरिएका छन् । अत्याधुनिक भौतिक पूर्वाधार सडक तथा सुरुङका अलावा हिमाली क्षेत्रमा समेत चीनको भव्यता सहजै देख्न सकिन्छ । चीन खाद्यान्नमा आत्मनिर्भर मात्रै भएको छैन । आफूलाई बढी भएको कृषि उपज अन्य देशमा निर्यात पनि गरिरहेको छ । समथर फाँटमा फलेका सागसब्जी र कफीलगायत उत्पादन भियतनाम, दक्षिण कोरिया, अफ्रिका र दक्षिण अमेरिकासमेत पुग्ने गरेको स्थानीयको भनाइ छ । स्थानीय पार्टी समिति, स्थानीय सरकारले कृषिकर्म गर्नेलाई अनेकन सहुलियत दिएको छ । खेतीमा सकेसम्म विषादी कम मात्रै प्रयोग गरिएको छ । सरकारको सहुलियत पनि उत्तिकै छ ।
कृषकका उत्पादन आन्तरिक बजारमा खपत गराउनेदेखि विश्व बजारसम्म पु¥याउने सुनिश्चितता गरिएका कारण युनान प्रान्तका हरेक ग्रामीण बस्ती यतिबेला शतप्रतिशत हराभरा छन् । ठूला सडकका दायाबाया खेतीले भरिएका छन् । जमिनको शत्प्रतिशत उपयोगमा ध्यान दिएको चीनले सिँचाइको प्रबन्ध पनि उत्तिकै राम्ररी गरेको छ । सहजरुपमा सिँचाइ नपुग्ने स्थानमा सौर्य सिँचाइ प्रणाली तथा अन्य उत्तम विकल्पसमेत उपलब्ध गराएको छ ।
स्थानीय वौसान नगरपालिकाले सन् २०१६ देखि नै वौसान कफी पर्यटन र सांस्कृतिक महोत्सव गर्दै आएको छ । कफी बगैँचालाई नै पर्यटनको केन्द्रसमेत बनाइएको छ । त्यहाँ अनेकन सुविधासमेत प्रदान गरेको छ । चिनियाँ कम्युनिष्ट पार्टीका महासचिव सि ले १९औँ र २०औँ राष्ट्रिय महाधिवेशनमा देशको ग्रामीण क्षेत्रलाई पुनःजागरण गर्न विभिन्न योजना अगाडि सारे । सोही योजनाको वस्तुनिष्ठ कार्यान्वयन भएको र हरेक गाउँहरु क्रमशः समृद्ध र आर्थिक रुपमा सबल बन्दै गएका छन् । सोही योजनाअनुसार नै सिन्छाई गाउँ सरकारले अहिले आफ्नो मुख्य ध्यान कफीको गुणस्तरीय उत्पादनमा दिएका छ । गाउँ समृद्ध र सबल बनेको छ । औद्योगिकीकरण हुँदै गएको गाउँमा कफी खेती विशेष प्राथमिकतामा राखिएको छ । युवा गाउँमा छन्, वैज्ञानिक पनि साथमा छन् । नियमित प्रशिक्षण र तालिम पनि गरिन्छ । यसले आधुनिक चीन गाउँहरुबाट जन्मिइरहेको छ । युवा विदेश पलायन भइरहेको नेपालका लागि चीनको यो उदाहरण आफैँमा अनुकरणीय हुन सक्छ ।



अनिल पोखरेल

# लोहजरा दह
## नयाँ पर्यटकीय गन्तव्य

*'मधेशको जस्तो भौगोलिक सुगमता, सडक सञ्जाल सायदै अरु प्रदेशमा छ । एउटा व्यक्ति केही घण्टा र केही दिनमै मोटर चढेर प्रदेशका आठवटै जिल्लाका प्रमुख क्षेत्रको भ्रमण गर्न सक्छ । अरु प्रदेशतिर हामी यस्तो कल्पना पनि गर्न सक्दैनौँ ।*



प्रत्येक प्रदेशमा हामी धार्मिक, सांस्कृतिक र पुरातात्विक महत्वका सम्पदा, मठमन्दिरले सुसज्जित छौँ । वार्षिक लाखौँलाख तीर्थयात्री तथा पर्यटक विभिन्न स्थान पुग्ने गर्छन् तर दुर्भाग्य, ती स्थानमा केबल दर्शनार्थी पुग्ने, पूजा पाठ गर्ने र फर्कने क्रम भन्दा बेसी अरु गतिविधि हुँदैनन् । नेपालमा सबैभन्दा धेरै भारतीय पर्यटक आउने गर्छन् । त्यसमध्ये सबैभन्दा धेरै धार्मिक पर्यटक हुन्छन् तर यो सबै स्वतःस्फूर्त भएको देखिन्छ ।

सा प्रदेश मध्ये 'मधेश प्रदेशमा धार्मिक पर्यटन नै सबैभन्दा सम्भावनाको क्षेत्र हो । यहाँका आठै जिल्लामा वैदिक सनातन धर्मसँग जोडिएका धेरै मठ मन्दिर तथा पर्यटकीय स्थल छन् । मिथिलाकालीन कलासँग जोडिएको सुन्दरता, मौलिक खानपान, रहनसहन, आतिथ्यता पनि यहाँको पर्यटनसँग जोडिएका अभिन्न अंग हुन् । मन्दिर, पोखरी, मिथिला कला र जीवन्त चाडपर्वका लागि मधेश प्रदेश सुप्रसिद्ध छ ।

मधेशको जस्तो भौगोलिक सुगमता, सडक सञ्जाल सायदै अरु प्रदेशमा छ । एउटा व्यक्ति केही घण्टा र केही दिनमै मोटर चढेर प्रदेशका आठवटै जिल्लाका प्रमुख क्षेत्रको भ्रमण गर्न सक्छ । अरु प्रदेशतिर हामी यस्तो कल्पना पनि गर्न सक्दैनौँ ।

धार्मिक, सांस्कृतिक क्षेत्रदेखि प्राकृतिक सुन्दरतामा आधारित पर्यटन र मौलिक भाषा, कला, संगीत, खाने परिकार छन्, अब स्थानीय पहिचान झल्किने पर्यटन सोभेनियर, विशेष पर्यटन गन्तव्य, होमस्टे र स्थानीय मौलिकताको ब्रान्डिङ तथा प्रवद्र्धन खाँचो छ । यस्तै, सप्तरीको तिरहुत गाउँपालिका–५ स्थित लोहजरा दह पर्यटकीय गन्तव्यको रुपमा विकसित हुँदै गएको छ । धार्मिक पर्यटनका हिसाबले ऐतिहासिक मधेश प्रदेशमा अन्य पर्यटकीय गतिविधिमा पनि अथाह सम्भावना देखिन्छ ।

सामाजिक विकास मन्त्रालयको सहयोगमा लोहजारा दहको प्रवेशद्वारदेखि मन्दिरसम्म पुग्ने बाटो निर्माण तथा टायल्स जडान कार्य भएको छ भने गाउँपालिकाका तर्फबाट भवन निर्माण, प्रवेशद्वार निमार्ण गरिएको छ । हाल निर्माण भएका संरचना तथा सौन्दर्यीकरणले दहको सौदर्यतामा रौनकता थपिएको छ ।



लोहजरा दहमा घुमघाम गर्न तथा प्रकृतिको छटामा रमाउन आसपासका जिल्लाबाट मानिस आउने गर्छन् । कुल ११.९ हेक्टर क्षेत्रफलमा फैलिएको दहको संरक्षण सम्वद्र्धन तथा सौन्दर्यता अभिवृद्धि गर्न स्थानीय र प्रदेश सरकारले चासो देखाएपछि दहको रौनकता बढ्दै गएको छ । ठाकुरबाबाको दहको नामले समेत परिचित यो स्थलको आसपास क्षेत्रमा संरक्षित वन, विभिन्न प्रजातिका चराचुरुङ्गी तथा तालको सौन्दर्यताले जोकोहीको मन लोभिने गरेको छ । दहलाई करिब एकदशकअघि तात्कालीन नेपाली सेनाको टोलीले संरक्षण एवम् जिर्णोद्धार गरी समुदायलाई हस्तान्तरण गरेको थियो । पर्यटकीय स्थलका रुपमा विकास गर्ने गरी जिर्णोद्धार गरिएको यो स्थलको उद्घाटन तात्कालीन राष्ट्रपति डा. रामवरण यादवले गरेका थिए ।

त्यतिबेलैदेखि नै पिकनिकस्थल, बोटिङ एवम् सुटिङका लागि चर्चित हुँदै गएको लोहजरा दहमा यतिबेला दिनहुँजसो पर्यटक घुम्न तथा पिकनिक मनाउन आउन थालेका छन् ।

अंग्रेजी सम्वत्, नयाँ वर्ष तथा खासगरी जाडो याममा पिकनिक मनाउन तथा घुम्न आउनेको संख्या अत्यधिक रहने गर्दछ । तालको उत्तरतर्फ सामुदायिक वनमा वनभोज मनाउन आउनेका लागि पक्की सेडका साथै खानेपानीसमेत व्यवस्था गरिएको छ ।

लोहजरा दहमा रहेको ठाकुर बाबा मन्दिर, डुङ्गा शयर, विभिन्न प्रजातिका पक्षीको आकर्षक एवम् मनोरम दृष्यले पर्यटक लोभिने गर्छन् । दहको बढ्दो लोकप्रियतासँगै यो क्षेत्रमा भौतिक पूर्वाधार तथा सौन्दर्यीकरणका लागि मधेश प्रदेशले पनि चासो देखाएको छ । ठाकुर बाबा तालले ११ दशमलव ९ किलोमिटर क्षेत्रफल ओगटेको छ । चुरे जङ्गलको ८३ दशमलव १३ हेक्टर क्षेत्रफलसँग जोडिएको तालमा, रहु, नैनी, भाकुर, बिघेट, सिलबर, कमनकारजस्ता माछाले पर्यटकलाई लोभ्याउने गरेको छ ।

चुरे जङ्गलको काखमा अवस्थित तालको बीच भागको मन्दिरले थप सौन्दर्यता र आकर्षण बढाएको छ । चुरे जङ्गल संरक्षणमा सहयोग पु¥याउने उद्देश्यले जीर्णोद्धार गरिएको तालको उत्तरपट्टि हरियो जङ्गल भित्र पिकनिकस्थल (वनभोज) सुविधासम्पन्न सेड निर्माण गरिएकाले पिकनिकसँगै तालको रमणीय दृश्यमा पर्यटक रमाउने गरिन्छ । तालभित्र बाबा ठाकुर मन्दिरको दर्शनले अनिष्टताबाट जोगाउने जनविश्वास छ । पर्यटकलाई रमाउन तालमा सःशुल्क बोटिङ गर्न पाइने व्यवस्था छ ।

पूर्व–पश्चिम लोकराजमार्ग अन्तर्गत सप्तरीको महुली पुलदेखि दक्षिण ५ किलो मिटर र बरमझिया सुब्बाटोल देखि पश्चिम १० किलोमिटर ग्राभेल बाटोबाट मोटरमा सवार भएर यस तालमा पुग्न सकिने अर्को बाटो छ । बाहिरिया पर्यटकका लागि मुख्य तीनतिरको बाटोबाहेक अन्य बाटो भएर त्यहाँसम्म पुग्न सक्रेछन् । आन्तरिक पर्यटकको आकर्षण बनेको लोहजारा तालमा बाह्य पर्यटक तान्न प्रचारप्रसारको खाँचो छ ।




यहाँ हेर्न लायक धेरै कुरा छन् तर गाइड अभाव छ । दहको डिलमा केही भौतिक जानकारी भने राखिएको देखिन्छ । जलवायु उत्थानशील परियोजनाद्वारा राखिएको एक बोर्डमा लोहजरा दह ५० हजार वर्गमिटरमा फैलिएको जनाइएको छ । मध्यवर्ती क्षेत्र १५ हजार वर्गमिटर, गहिराइ ५ देखि १० फिट, पानीको स्रोतः वर्षा र भूमिगत पानी, प्रजाति÷जैविक विविधताः रैथाने माछा १६, अन्य माछा ७, रूख २२, चरा ५५, जलीय वनस्पति ३ । यसभन्दा थप कुरा बनाइदिनेको अभाव छ ।



# नारायण गोपालका तीन सपना

> “
>
> *गीति शब्द तौलेर मात्र गाउने यी गायकले लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, माधवप्रसाद घिमिरे, हरिभक्त कटुवाल, भूपी शेरचन, ईश्वरबल्लभ, धर्मराज थापा, चेतन कार्की, लक्ष्मण लोहनी, प्रदीप रिमाल, तुल्सी घिमिरे, नगेन्द्र थापा, किरण खरेल, राममान तृषित, गोपाल योञ्जन, भीम विराग, क्षेत्रप्रताप अधिकारी, दिव्य खालिङ, विश्वम्भर प्याकु¥याल, कालीप्रसाद रिजाल, रत्नशम्शेर थापा, भैरवनाथ रिमाल, कञ्चन पुडासैनी, नीर शाह, दिनेश अधिकारीलगायत नाम चलेका कवि–गीतकारका गीत मात्र गाए, सङ्गीत दिए जुन गीतिमययुक्त, सुसंस्कृत र अतिसूक्ष्म स्वरकम्पपूर्ण हुन्थे, छन् । तत्कालीन रानी ऐश्वर्य अर्थात् चाँदनी शाहको गीत त उनले जीवनको उत्तरार्धतिर मात्र गाए ।*



श्याम रिमाल

काठमाडौँ, महाराजगंज, भाटभटेनी सुपरमार्केट एन्ड डिपार्टमेन्टल स्टोर पछाडि मिलीजुली टोलस्थित २६८ नम्बरको घरमा अहिले केही चालचुल हुँदैछ । नेपाली गीतसङ्गीत जगत्को एक मन्दिरमा अहिले त्यसका देवता नरहे पनि तिनको अस्तित्वलाई जीवन्त बनाउन भौतिक संरचना निर्माण भइरहेको देख्न सकिन्छ । नेपाली गीतसङ्गीत क्षेत्रमा आफ्ना पालामा 'न भूतो, न भविष्यति' को छवि बनाएका 'स्वरसम्राट्'का स्मृतिमा 'नारायणगोपाल सङ्गीत कोष' ले उनको निवासलाई नै सङ्ग्रहालयको रूप दिने तयारी थालेको छ । अझ 'पेमु' सहितका नाममा निवास परिसरमा 'नारायणगोपाल पेमला सूरमय गीतगङ्गा भवन' पनि बनाएर उनको सपनालाई मूर्तरूप दिइँदै छ ।

काठमाडौँ किलागलबाट हालको कामपा–३, भाटभटेनीमा क्षेत्रमा बसाइँ सरेका नारायणगोपाल (विसं १९९६–२०४७) को निवासलाई सबैथरीका मानिसको गन्तव्य बनाउने उद्देश्यले कोषले एक महिनादेखि काम अगाडि बढाउँदै छ । तर यही मङ्सिरमा त्यो सम्पन्न हुने छैन, करिब सात महिनापछि मात्र पुनःनिर्माण र सङ्ग्रहालयको प्रारम्भिक काम सकिने छ । त्यो कोमल, आनन्दायक र अमूल्य 'मखमली आवाजका धनी' को जन्म महिना र गते असोज १८ लाई नभई देहावसान महिना र गते मङ्सिर १९ का दिनलाई नै कोष र गीतसङ्गीतकर्मीले पवित्र दिन मान्दै समारोह आयोजना गर्दै आएका छन् । कोषले हरेक वर्ष गीतसङ्गीतका दुई स्रष्टालाई सम्मान गर्दै आएको छ र हालसम्म ४० जना सम्मानित भइसकेका छन् । कोषका संरक्षक तथा अध्यक्ष पेमला (निधन विसं २०६१)ले पतिसँगको बिछोड वर्षमै आफ्ना निवास र भौतिक सामग्री कोषअन्तर्गत सङ्ग्रहालय निर्माणार्थ सबै कोषलाई समर्पण गरिसकेकी थिइन् ।



गीतसङ्गीतका क्यासेट भने म्युजिक नेपाललाई हस्तान्तरण गरिएको थियो । यसअघि नै कामपा–३ का वडाध्यक्ष दीपक केसीको पहलमा विसं २०५४ मा भूगर्भ तथा खानी विभाग, लैनचौरदेखि महाराजगञ्ज चक्रपथचोकसम्म करिब साढे दुई किमी सडकलाई 'नारायणगोपाल मार्ग' नामकरण भइसकेको छ भने विसं २०५५ मा महाराजगञ्ज चोकमा उनको सालिक ठडिइसकेको छ । कोषका वर्तमान महासचिव केसी नारायणगोपालसँग सम्बद्ध गीतसङ्गीतका सामग्रीदेखि उनले प्रयोग गरेका सबै घरेलु वस्तु सङ्ग्रहालयमा राखिने बताउँछन् । त्यसो त नारायणगोपाल–पेमला निवास–सङ्ग्रहालयभित्रको पश्चिमोत्तर १७–१४ फिटका कक्षमा अहिले नै उनले प्रयोग गरेका तबला, हार्माेनियम, मादललगायत सङ्गीत उपकरण, त्रिइनवन सिडी–क्यासेट–रेडियो, सम्मान–प्रशंसापत्र–पुरस्कार प्रमाणपत्र, पदक, मायाको चिनो, आफू, पत्नी, राजा वीरेन्द्र र साथीभाइसँगको तस्बिर, रेडियो सजिसजाउ गरी राखिएका छन् । उनकै पालाका सोफा, कुर्सी र टि टेबल पनि त्यहीँ सुरक्षित छन् । 'मखमली आवाजका धनीलाई सम्मान गर्न सङ्ग्रहालयका भित्ताहरू रातो मखमलले नै सजाइने छ,' कामपा–३ का पूर्ववडाध्यक्ष केसीले भने ।

भाटभटेनी मन्दिरबाट एक सय मिटर र नारायणगोपाल सालिकबाट दुई सय ५० मिटर दूरीको पूर्वाेत्तर साढे दुई तलाको सङ्ग्रहालयमा नारायणगोपाल–पेमला दम्पतीका शय्या, दराज, वस्त्र, फ्रिज, स्टोभ, किरोसिन लाइट, तस्बिर आदि निवासमै यत्रतत्र छन् । जुन एकत्रित गर्ने काम भइरहेको छ र अन्य वस्तु पनि सङ्कलन हुँदै छ । 'त्यतिबेलाको कलर सोनी टेलिभिजन पनि त्यहीँ छ, बाथरुममा त्यो बेला नै राखिएको सावर पनि छ, जुन त्यतिबेला हत्तपत्त कसैले राख्दैनथ्यो,' सङ्ग्रहालय निर्माणमा जुट्नुभएका कोषका सङ्गीत निर्देशक राजकुमार श्रेष्ठले भने । निवासका अन्य कोठाहरू स–साना नै छन् ।

बाथरुम भने सापेक्षिक रूपमा अलि ठूलै छ । डाइनिङ रुमसहितको भान्छा कोठा पनि चिटिक्क परेको छ । जहाँ नारायणगोपाल आफैँ खाना पकाउने मेलोमेसोमा ज्यादाजसो अघि सर्थे । भ¥याङ भने निकै साँघुरो र परम्परागत नै छ । कतिपय सामान काम गर्नेले लगे, कति अरूहरूले, केही पत्तै छैन ।

सङ्ग्रहालयको तल्लो वा भूइँतलाको एक कोठा भने हाल भ्वायलिन सिक्न चाहनेका लागि प्रयोग गरिँदै छ । 'विसं २०५२ देखि दैनिक चार–पाँच जनालाई गरेर हालसम्म दुई–तीनसय विद्यार्थीलाई मैले तालिम दिइसकेँ, त्यो पनि सक्नेलाई शुल्क, नसक्नेलाई निःशुल्क,' सङ्गीत निर्देशक श्रेष्ठले भने । आधुनिक सङ्गीतलाई पूर्णता दिन भ्वायलिन आवश्यक पर्छ । भ्वायलिन विश्वको सबभन्दा लोकप्रिय बाजा हो । जसको प्रयोग पाश्चात्य सङ्गीतदेखि लिएर हरेक प्रकारका सङ्गीतमा गरिन्छ । सारङ्गी, सितार जस्ता अन्य तारयुक्त बाजामा 'बेला' सबभन्दा छोटो भए पनि यसको तार भने लामो हुन्छ ।

केसीका अनुसार नारायण गोपालका तीन सपना थिए, भ्वाइलिन टे«निङ, गीतगङ्गा भवन तथा आफ्नो सालिक र आफ्नो नामको मार्ग । पछिल्लो सपना भने साथीभाइ–गीतसङ्गीतकर्मीमाझ स्वरसम्राट्ले ठट्टै ठट्टामा भन्ने गरेको भनी रणजीत गजमेरले यसरी सुनाएका रहेछन्, 'हामी मरेपछि हाम्रा नाममा मूर्ति र सडक बन्ने हुन् कि होइनन् ?' गीति शब्द तौलेर मात्र गाउने यी गायकले लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, माधवप्रसाद घिमिरे, हरिभक्त कटुवाल, भूपी शेरचन, ईश्वरबल्लभ, धर्मराज थापा, चेतन कार्की, लक्ष्मण लोहनी, प्रदीप रिमाल, तुल्सी घिमिरे, नगेन्द्र थापा, किरण खरेल, राममान तृषित, गोपाल योञ्जन, भीम विराग, क्षेत्रप्रताप अधिकारी, दिव्य खालिङ, विश्वम्भर प्याकु¥याल, कालीप्रसाद रिजाल, रत्नशम्शेर थापा, भैरवनाथ रिमाल, कञ्चन पुडासैनी, नीर शाह, दिनेश अधिकारीलगायत नाम चलेका कवि–गीतकारका गीत मात्र गाए, सङ्गीत दिए जुन गीतिमययुक्त, सुसंस्कृत र अतिसूक्ष्म स्वरकम्पपूर्ण हुन्थे, छन् । तत्कालीन रानी ऐश्वर्य अर्थात् चाँदनी शाहको गीत त उनले जीवनको उत्तरार्धतिर मात्र गाए ।

जीवनमा आधुनिक, लोक, भजन र राष्ट्रिय गरी करिब चार सय गीत (नेपाली र नेपालभाषा) मा कर्णप्रिय सङ्गीत तथा स्वर दिएका नारायण गोपालको निवास पुनःनिर्माणका लागि २० लाख रुपैयाँ र सङ्ग्रहालय निर्माणका लागि २० लाख रुपैयाँ लागत लाग्ने अनुमान गरिएको छ । यी काम चालु आव २०८०–८१ मै सकिने योजना छ । 'यस कामका लागि हामी तीनै तहका सरकार, विभिन्न सङ्घसंस्था, व्यक्तिआदिका सहयोग लिन्छौँ । यो त राज्यकै दायित्व हो नि,' स्थानीय समाजसेवीसमेत रहेका केसीले भने । यस सम्बन्धमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रीसँग पनि कुरा भइसकेको उनको भनाइ छ ।

### गीतगङ्गा भवन

नारायण गोपालका सपनामध्येको गीतगङ्गा भवन निर्माण भइरहेको छ । सङ्गीत महाविद्यालयका रूपमा स्नातकसम्मको अध्ययनअध्यापन हुने गरी यसको सञ्चालन गरिने कोषको योजना छ । सात करोड रुपैयाँ लागत अनुमानको चारतले (भूइँतलासहित) भवनका सबै तलामा ढलान भइसकेका छन् । 'हामी चालु आवमा नै कुनै विश्वविद्यालयसँग आबद्धता लिएर स्नातक तहको सङ्गीत कक्षा सुरु गराउने छौँ,' राजनीतिकर्मी केसीले भने । सहिद, राजनीतिज्ञ–राजनीतिकर्मीका साथै भाषा, साहित्य, कला, गीतसङ्गीत, संस्कृति, चलचित्र, मनोरञ्जन, नाट्यलगायतका क्षेत्रमा योगदान दिने व्यक्तित्वका स्मृतिमा समाजमा स्मृति प्रतिष्ठान, सङ्घसंस्था, सालिक, सङ्ग्रहालय, भवन, शैक्षिक संस्था खोल्ने चलन बढिरहेका सन्दर्भमा स्रष्टा–व्यक्तित्वका सपना साकार पार्न पनि पछिल्लो पुस्ता लाग्नुपर्नेमा समाजसेवी केसी र परिकल्पित नारायण गोपाल सङ्गीत महाविद्यालयका सङ्गीत निर्देशक श्रेष्ठ जोड दिन्छन् ।




गीतसङ्गीत क्षेत्रमा नेपालका 'तारा' देवीका नाममा पाँच वर्षअघि स्थापित प्रतिष्ठानका अध्यक्ष पनि रहेका केसीले उनीद्वारा गाइएका–सङ्गीत दिइएका गीतको पनि सङ्कलन र 'नोटिफिकेसन' हुँदै गरेको जानकारी दिए । यसरी स्रष्टाको सम्मानका कामलाई संस्थागत गर्नुपर्ने उदाहरण उनले दिए । तारादेवीका सुपुत्र रवि श्रेष्ठ संरक्षक रहेको तारादेवी फाउन्डेसनका सदस्यमा मीरा राणा, ज्ञानु राणा, भुवन चन्दलगायत छन् । उनका नाममा भने हरेक वर्ष माघ ९ गते समारोह गरिन्छ ।



महेश कठायत

# काठमाडौँले भ्रम कहिले उतार्छ ?

दाजु गुरुङ नेपाली भाषा साहित्यसेवीको नाम हो । संखुवासभामा जिल्लामा पिता स्व. देवीबहादुर गुरुङ र माता स्व. मनमाया गुरुङको कोखबाट १९६४ फेब्रुअरी २९ मा जन्मेका गुरुङ यतिबेला परिवारसहित हङकङमा बस्छन् । नेपाली भाषा, साहित्यका क्षेत्रमा झण्डै दुई दशकदेखि सक्रिय गुरुङको 'टाँकीका फूलहरू' कथासङ्ग्रह कृति प्रकाशित छ । २०७५ सालमा प्रकाशित 'टाँकीका फूलहरू' कथासङ्ग्रह एक वर्षभित्रमै तेश्रो संस्करणसम्म प्रकाशित भएको कृति हो । केही समयको नेपाल बसाइमा रहेका उनै कथाकार, साहित्यकार तथा समाजसेवी व्यक्तित्व दाजु गुरुङसँग गरेको कुराकानीको सम्पादित अंशः

**तपाईंको साहित्यिक लेखनको सुरुवात कसरी भयो ?**
मेरो साहित्यिक यात्रा लगभग दुईदशक भयो । म साहित्यमा पहिलेदेखि नै रूचि राख्थेँ । साहित्यका पुस्तक पढ्न निक्कै मन पर्दथ्यो, विस्तारै कविता लेख्न थालेँ । कविताबाट साहित्यलेखन आरम्भ भए पनि समय, विषयवस्तुअनुसार गीत, गजल, निबन्ध, कथा, स्मरण विधामा कलम चलाउदै गएँ र पछिल्लो समयमा कथा सिर्जनामै केन्द्रित भएको छु । अबको मेरो रोजाइको विधा पनि कथा नै हो । साहित्यिक यात्रा आरम्भबारे कुरा गर्नु पर्दा सन् २००७–०८ तिर संखुवासभा समाज हङकङले वार्षिक मुखपत्र निकाल्ने निर्णय गर्यो । त्यसको जिम्मेवारी मेरो काँधमा आयो । हरेक नेपाली नयाँ वर्षमा प्रकाशित गरिने विशेषाङ्कका लागि प्रकाशकीय, सम्पादकीय, लेख लगायतका सामग्री तयार गर्नु पर्ने र सम्पादन गर्नु पर्ने जिम्मेवारी मेरो भागमा परेपछि मैले लेख्न थालेँ । त्यसपछि निरन्तर लेखनमा लागेँ । त्यसअघि पनि कविताहरू लेख्थेँ तर लेख्ने र थन्क्याउने काम मात्र हुन्थ्यो । त्यसपछि अलि व्यवस्थित तरिकाले अगाडि बढेँ ।

**तपाईं कुन समयमा बढी लेख्ने गर्नु हुन्छ ?**
यति नै बेला लेख्नु पर्छ भन्ने लाग्दैन । म भिडभाडमा धेरै लेख्छु । भिडभाडमा धेरै कुरा दिमागमा खेल्छ । जब भिडभाडमा मानिसहरू यताउति हिँडेको, दौडिएको, कराएको, हासेको, बोलेको देख्दा मलाई मेरो कथाका पात्र बोलेजस्तो लाग्छ, ती कुरालाई कतिपय हृदयमा कैद गर्छु र कतिपय मोबाइलको नोटमा कैद गर्छु अनि फुर्सदको समयमा त्यसलाई तन्काउने, कला भर्ने, रंग दल्ने काम गर्छु । अर्को म अफिस समयमा पनि धेरै लेख्छु । ड्युटीको समयमा पनि धेरै सिर्जना जन्मिन्छन् । तिनलाई सिंगारपटार गर्ने काम फुर्सदको बेला गर्छु ।

**साहित्यमा तपाईंको आफ्नोपन के हो ?**
साहित्य लेखन विशेषगरी कथा लेखनमा मेरो आफ्नै शैली छ । मलाई चित्त नबुझेसम्म म शब्दहरू दोहोर्याउछु । गद्य कवितात्मक शैलीमा लेख्छु । साहित्य सिर्जना गरिरहँदा केही नयाँपन दिउँ जस्तो लाग्छ । नयाँ कुरा भयो भने मात्र साहित्य हुन्छ जस्तो लाग्छ । त्यसैले मैले कुनै पनि सिर्जना प्रकाशित हुनुभन्दा अगाडि धेरै मेहनत गर्छु ।

**हङकङमै बसेर साहित्य साधनामा सक्रिय हुनुहुन्छ ? त्यहाँको साहित्यिक माहोल कस्तो छ ?**
हङकङ नेपाली भाषा, साहित्यका लागि दार्जिलिङपछिको महत्वपूर्ण क्षेत्र हो । झण्डै ३५ हजार नेपाली रहेको हङकङमा थुप्रै सर्जक बस्नु हुन्छ । त्यहाँ साहित्यिक संघसंस्था छन् । नेपालीहरू बिदा र फुर्सदका समयमा भेट्ने र साहित्यिक माहोल तयार गर्ने गर्नुहुन्छ । थुप्रै कृति प्रकाशित भएका छन् । साहित्यिक कार्यक्रम, कृति विमोचन, चर्चा, परिचर्चा कार्यक्रम निरन्तर भइरहन्छन् । हङकङ साहित्यिक साझा श्रृंखला सञ्चालन भइरहेको छ । म त्यस श्रृंखलाको संस्थापक पनि हुँ । अहिले ९४ औँ श्रृंखला पुगेको छ । रचना वाचन कार्यक्रम गरिरहन्छौँ । विशेषाङ्क प्रकाशित गर्छौँ । वार्षिकोत्सव कार्यक्रममा कृतिलाई सम्मान गर्ने, वर्षभर संस्थालाई योगदान दिने व्यक्तित्वलाई सम्मान तथा पुरस्कृत गर्दै आइरहेका छौँ । म पनि सन् २०१२ सालदेखि निरन्तररूपमा कार्यक्रम सञ्चालनमा जोडिएको छु ।

**तपाईंको बुझाइमा साहित्य के हो ?**
ठ्याक्कै यही भनेर परिभाषित गर्नका लागि यो विज्ञान होइन । साहित्यलाई समाजको दर्पण भन्दै आइएको छ । तथापि मलाई के लाग्छ भने साहित्य समयको दर्पण हो । म त भन्छु समय बोल्ने माध्यम नै साहित्य हो । साहित्यमा समय बोलिनु पर्छ ।

**आफूले पढ्दा कस्ता खालका किताब रोज्नु हुन्छ ?**
पाठकका रूपमा प्रायः सबै विधाका कृति पढ्छु । आख्यान पढ्न धेरै मन पर्छ । महाभारत, रामायण जस्ता पुस्तक दोहोर्याएर पढेको छु । मलाई पुस्तक पढ्नुमा आनन्द आउँछ ।

**लेखन यात्राको कुनै अविस्मरणीय क्षण ?**
मेरो साहित्य यात्राको अति नै अविस्मरणीय क्षण मेरो पहिलो कृति प्रकाशनअघिको कुरा छ । प्रकाशन भएर बजारमा आएको हिसाबले 'टाँकीका फूलहरू' कथासङ्ग्रह पहिलो हो तर, यस भन्दा अगाडि मैले एउटा कविताको कृति तयार गरिसकेको थिएँ । कविता कृतिका लागि लेखन, सम्पादन, ले–आउट सबै प्रक्रिया पूरा भएर छपाईका लागि छापाखानामा पठाउने अन्तिम कपी पढ्दै गर्दा मेरो मनमा धेरै कुरा उथलपुथल भए ।



मलाई लाग्यो– यी कविताले यो समय बोल्दैनन् । साहित्यमा त समय बोल्ने हुनु पर्छ । मनभित्र यस्तै कुरा खेलिरहेपछि मैले आफैँले निचोड गरेँ– म यो कृति प्रकाशन गर्दिनँ । त्यसपछि म मेरो कृतिका लागि प्राविधिक पाटोमा खट्ने साथीलाई विस्तारै सबै कुरा बुझाएँ र ६–८ महिनाको दौरानमा मैले सङ्ग्रहका लागि कथा तयार गरेँ । यसरी टाँकीका फूल प्रकाशित भयो । यो मेरो साहित्यिक यात्राको अविस्मरणीय पल हो ।

**'टाँकीका फूलहरू' बजारमा आइसकेपछि कति सन्तुष्ट हुनुहुन्छ ?**
मैले सामान्य श्रृंखला चलाइरहेको थिएँ । साहित्यिक क्षेत्रमा होमिइरहँदा केही न केही कृति हुनु पर्छ भन्ने सोच आयो । मलाई साहित्यकार बन्ने रहर पनि होइन, अहिले पनि म आफूलाई साहित्यकार भनेर चिनाइरहन पनि चाहन्नँ । तर श्रृंखला चलाउने मान्छेको कम्तीमा एउटा कृति हुनुपर्छ भन्ने सोच आयो । यसले मलाई कृति प्रकाशनका लागि अलि बढी प्रेरित ग¥यो र मैले विभिन्न चरण पार गर्दै टाँकीका पूmल प्रकाशनमा ल्याएँ । यो प्रकाशन भएपछि मैले सोचेभन्दा राम्रो प्रतिक्रिया प्राप्त गरेँ । मेरो अनुपस्थितिमै नेपालमा पनि विभिन्न साहित्यिक संघसंस्थाले परिचर्चा कार्यक्रम गरिदिनु भयो । यसले मलाई धेरै सन्तुष्टि दिलायो । पुस्तक बिक्रीका हिसाबले पनि म सन्तुष्ट नै छु । सातसय भन्दा धेरै प्रति पुस्तक मैले हङकङमै बिक्री गरेँ । यही कृतिले मलाई नेपाली भाषा साहित्य परिषद्बाट हरेक वर्ष प्रदान गरिने 'पारिजात पुरस्कार–२०१९' दिलायो । टाँकीका पूmलहरू बजारमा आएपछि मैले आफूले पुस्तक प्रकाशन अघि सोचेको भन्दा पनि बढी सफलता प्राप्त गरेँ । त्यसपछि म कथा लेखनमै बढी केन्द्रित भइरहेको छु । मेरो प्राथमिकतामा अहिले कथा परेको छ, यो पनि टाँकीका फूलहरुकै सफलताको देन हो ।

**तपाईं सामाजिक सेवामा पनि उत्तिकै सक्रिय हुनुहुन्छ । कसरी मिलाउनु हुन्छ समय ?**
विदेशमा सामान्यतयाः कामलाई सम्मान गरिन्छ । कामलाई घृणा गर्ने संस्कार छैन । एकदम सम्मान गरिन्छ । जति पनि साहित्यकार, समाजसेवी छन् सबैले कामको समयलाई मिलाएर साहित्य र समाजसेवामा लागिरहेका छन् । मैले पनि सबै कुरा मिलाएर साहित्य र समाजसेवालाई बरोबर समय दिइरहेको छु ।

**तपाईंले हङकङमा रहेर नेपालका लागि गर्नुभएको समाजसेवाको पाटोबारे केही बताइदिनुहोस् ।**
म संखुवासभा समाज हङकङको संस्थापक पनि हुँ । यो संस्था हामीले सन् १९९६ मा दर्ता गरेका हौँ । हङकङमै दर्ता भएको यो पहिलो नेपाली संस्था पनि हो । यसबाट हामीले नेपालमा थुप्रै सामाजिक काम गरेका छौँ । जिल्लामा दैवीप्रकोपमा परेकालाई उद्धार गर्न मदत गर्ने, आँखा अस्पताल स्थापना गर्दा आर्थिक सहयोग गरेका छौँ । हाम्रै नेतृत्वमा रेडक्रसलाई एम्बुलेन्स प्रदान गर्यौं । यस्ता थुप्रै काम गरेका छौँ । संखुवासभा हङकङ प्रतिभा पुरस्कार स्थापना गरेका छौँ । १२ लाख रुपैयाँको अक्षयकोष खडा गरेका छौँ । प्रायः संस्थाबाट नेपालमा हुने सबै खाले गाह्रो, अप्ठ्यारोमा साथ, सहयोग गर्दै आइरहेका छौँ । संस्थाको लक्ष्य पनि त्यही हो ।

**टाँकीका फूलहरूले के दिन्छ पाठकलाई ?**
कुनै पनि सिर्जनामा समय लेखिनु पर्छ । सिर्जना समयसापेक्ष भएन भने त्यो कृति सबल हुन सक्दैन । टाँकीका फूलहरूले समय बोकेको छ । समयको बोध गराउँछ । मेरो मान्यता पनि यही हो । म हङकङमा बस्छु भने मैले मेरा सिर्जनामा हङकङ बोल्नु पर्छ भन्ने मेरो मान्यता हो । मैले हङकङमा बसेर नेपाल लेख्नु अर्थ लाग्दैन । समग्रमा टाँकीका फूलहरूले वर्तमान हङकङ बुझाउँछ । त्यहाँको परिवेश र त्यहाँका नेपालीको परिवेशलाई बोल्छ । मेरो अभियान पनि यही हो । म प्रायः साहित्यिक कार्यक्रममा आफ्ना श्रृंखला चलाइरहँदा साथीहरूलाई यही भन्छु, तपाईंहरू हङकङमा बसेर नेपालका कुरा नलेख्नुस् । सिर्जनाले समयको प्रतिनिधित्व गर्न सक्नु पर्छ । नयाँ भनेको प्रस्तुतिकरण हो । कुनै पनि सिर्जनामा एक खालको लय हुनु पर्छ, तब मात्र पढ्दा पाठकलाई आनन्द मिल्छ । टाँकीका फूलहरूमा मैले यही प्रयोग गर्ने प्रयास गरेको छु । यसको अध्ययनपछि धेरै साथीहरूले यही विधि अपनाउनु भएको छ । अब हामीले पनि समय लेख्नु पर्छ भन्ने बोध गर्नु भएको छ । यो पनि टाँकीका फूलहरूले दिएको कुरा भन्ने लाग्छ मलाई ।

**हङकङमा बसेर सिर्जना गरिरहँदा यता नेपाली साहित्यलाई कसरी हेरिरहनु भएको छ ?**
हामी प्रवासमा बसेर लेख्ने साहित्यकार, लेखकलाई राजधानी वा देशले हेर्ने दृष्टिकोण अलि सङ्कीर्ण छ । नेपालबाहिर हङकङमा पनि नेपाली साहित्यको राम्रो स्थान छ । हरेक वर्ष पुस्तक प्रकाशन भइरहेका छन् । तर, यताका साहित्यकारको समीक्षा अलि फरक खालको छ । त्यहाँका मान्छेले के लेख्छन् र ? के जानेका छन् र भन्ने खालको सङ्कीर्ण सोच काठमाडौँको छ । देशबाहिर बसेर लेख्नेहरूभन्दा आफूहरू अलि बढी स्तरीय छौँ भन्ने भ्रम पनि छ । यो एउटा इगो पनि होला । हामी जहाँ बसेर सिर्जना गरे पनि नेपाली भाषा, साहित्यकै श्रीवृद्धिका लागि गरिरहेका छौँ र गरिरहने छौँ । यस्तो खालको इगोले साहित्यको श्रीवृद्धि हुँदैन । हामीले यतैका लेखकको किताब पढ्छौँ । हामी किताब किनेर पढ्छौँ, लेखकलाई सम्मान गर्छौँ । किताब किनेर पढ्ने संस्कार बसाएका छौँ, जसबाट लेखकलाई पनि राहत मिलोस् भन्ने हाम्रो चाहना छ । हामीले पढेर लेख्ने संस्कारको विकास गरेका छौँ । तर, काठमाडौँका केही बुद्धिजीवीमा नपढी लेख्ने प्रचलन बढी छ । मलाई के लाग्छ भने त्यताका साहित्यकारले दृष्टिकोण बदल्नु पर्छ । मेरो अनुरोध देशबाहिर बसेर लेख्नेको पनि अध्ययन गरेर सही मूल्यांकन गरिदिनुस् भन्ने हो ।

# गुरू नानक र इतिहासमा त्रुटि



सुनिल उलक

गुरू नानक । संयोग भनौँ वा गर्वका साथ भनौँ सिखका धर्मगुरू गुरू नानकको सम्बन्ध नेपालसँग पनि गाँसिएको छ । इतिसास कोर्नेहरुको कुरामा भने केही त्रुटी भेटिन्छ । र, पनि गुरू नानक नेपाल आएको यदि सत्य मान्ने नै हो भने इतिहासमा कोरिएका नमिल्दा तथ्य या त मिलाउनु पर्दछ । या त मिथ्या हुन् भन्ने आशंका गर्नुपर्ने हुन्छ ।

इतिहासकारका अनुसार गुरू नानकको जन्म १५ अप्रिल १४६९ भनिएको छ । तर अचेल भने उनको जन्मजयन्ती कार्तिक पूर्णिमाका दिन मनाउने गरिन्छ, जुन नोभेम्बरमा पर्दछ । इतिहासकारले भन्दै आएको जन्ममिति र जन्मजयन्ती मनाउँदै आएको दिन करिब ७ महिनाले फरक परेको देखिन्छ । साथै गुरू नानकको देहावसान २२ सेप्टेम्वर १५३९ मा भएको मानिन्छ । साधारण हिन्दू परिवारमा जन्मेका गुरू नानकलाई सिख धर्मावलम्बीको पहिलो धर्म गुरूका रुपमा लिने गरिन्छ । साथै सिख धर्मका प्रवर्तक पनि गुरू नानक नै हुन् ।

गुरू नानक नेपाल आएको पनिमानिन्छ । काठमाडौँ बालाजुनिर विष्णुमति नजिकै नानक मठ रहेको छ । जहाँ गुरु नानकले ध्यान गरेको मानिन्छ । तर गुरू नानकको नेपाल आगमनको समयमा नेपालमा राजा जयजगत मल्लको शासनकाल रहेको भनेर लेखिएको छ । जयजगत मल्लको शासनकालसँग गुरू नानकको जीवित समयकाल भने मिल्दैन । गुरू नानकको काठमाडौँ आगमनको समय सन १५१६ भनिएको छ । जुन बेला काठमाडौँ उपत्यकामा राजा रत्न मल्ल थिए । र, जयजगत मल्लको शासनकाल भने १७२२–१७३६ थियो । यसर्थ करिब २ सय वर्षको भिन्नता देखिन्छ ।

अर्को तथ्य नेपालका राजाले बनारसमा गुरू नानकसँग भेट भएको तथा छोरा जय प्रकाश मल्लको उपचारका लागि बनारस पुगेको समय गुरू नानकको आशिर्वादले बिमारी निको भएपछि गुरू नानकलाई नेपाल आउन निम्तो दिएको भन्ने लेखिएको छ । यहाँ इतिहास अलि गलत किसिमले व्याख्या गरेको पाइन्छ ।





गुरु नानक देवको ५५० औं जन्मजयन्ती अवसरमा निष्काशित सिक्काहरु

राजा जय प्रकाश मल्लको समयमा नेपाल आएका नानक गुरू नानक होइनन् । त्यसबेलाको ताम्रपत्रका अनुसार मायाराम नानकलाई राजा जय प्रकाश मल्लले २२ रोपनी धानखेत बिर्ता बापत दिएको देखिन्छ । जय प्रकाश मल्लको समयमा गुरू नानक होइन मायाराम नानक नानक शाहीमा रहेका थिए । त्यसबेलाको ताम्रपत्रमा उल्लेख भएको नानक शाही नै अहिले भनिने नानक मठ हो । साथै यस ताम्रपत्रका अनुसार नानक भनिने कुनै व्यक्ति वा महन्त होइन नानक सम्प्रदायको नाम भन्ने देखिन्छ । विभिन्न सम्प्रदाय झैँ नानक पनि एक उदासी सम्प्रदायको एक हिस्सा नै रहेको भन्ने बुझिन्छ । यस्तै राजा सुरेन्द्रको शासनकालमा महन्त रामदास नानक थिए । राजा जय जगत मल्लले नानक संगतका नाममा ५३ रोपनी खेत बिर्ता दिएका थिए । यहि बिर्तालाई पछि पुनः नियमित गरिँदा सुरत नानक महन्त थिए । यसको मिति भने विक्रम सम्वत मार्ग सुदी ५, १८९२ लेखिएको छ । पछि श्री ३ वीर शम्शेरको शासनकालमा विसं १९५३ मा राज गुठीमा सारिएको थियो । त्यतिबेला महन्त भने नारायण दास थिए ।

यस्तै, विष्णुमती किनारमा शोभा भगवती नजिकै साढे २७ रोपनी जग्गा राजा गिर्वाणको समयमा मिति विक्रम १८५७ जेष्ठ सुदी ५ मा सर्वाङ्ग माफी फकिराना बिर्ताका रुपमा दिइएको थियो । त्यसबेला संगत स्थापनाका लागि विराजमान नानक तथा वसन्तदास नानकका नाममा दिइएको थियो । त्यस्तै फकिराना बिर्ताकै रुपमा रहेको हालको सिंहदरबार क्षेत्रमा रहेको २५ रोपनी जग्गा भने श्री ३ चन्द्र शम्शेरले सिंहदरबार बनाउन लिएका थिए ।

यसरी हेर्दा अहिले गुरू नानकका नाममा नेपालमा उपस्थितिका विषयमा लेखिएका इतिहासमा त्रुटि भेटिन्छ । वास्तविक रुपमा गुरू नानक सन १५१६ अर्थात विसं १५७३ मा नेपाल आएका हुन सक्छन् । तर अहिले रहेका गुरू नानकसँग जोडेर लेखिएका इतिहास भने नानक पन्थका अरु नै व्यक्तिका नाममा जोडिएको इतिहास रहेको हुँदा गुरू नानकका अनुयायीले नानक पन्थ सुरु गरेको पनि हुन सक्छ । जबकि गुरू नानक सुरुमा तेश्रो उदासीका रुपमा नेपाल आएका थिए । पछि भारतमा पुगेर उनले सिख धर्म सुरुवात गरे ।

तर उनका जेठो छोरा श्रीचन्द भने उदासी सम्प्रदायमा नै थिए ।

हिन्दू धर्ममा रहेका कतिपय कुरीतिको बिरोध गर्दै नयाँ धर्मको सुरुवात गरे । उनी हिन्दू नै थिए तर हिन्दूभित्र नै सिख सम्प्रदाय सुरु गरे । विवाह गरी दुई छोराको जन्म भइसकेपछि भने उनी आफ्ना चार साथीका साथ उदासी सम्प्रदायमा लागेर भ्रमणमा निस्के ।

नेपाल सरकारले पनि गुरु नानकको सम्मानमा २०७६ सालमा ५५० औँ जन्मजयन्तीका अवसरमा रु २५००, रु १००० तथा रु १०० का सिक्का निष्काषित गरेको थियो ।





## सिक्का त्रुटि

नेपाल राष्ट्र बैंक अन्तर्गतको टक्सारमा टकमरी भएका यी सिक्का त्रुटिपूर्ण छन् । २०३९ देखि २०५० सम्म टकमरी भएका ठूलो आकारको २५ पैसाको सिक्का १.८ ग्राम तौल, २ मिलिमिटर मोटो तथा २४.५ मिलिमिटर ब्यासको थियो । अन्य सालमा भन्दा २०४३ सालमा निकै कम निष्कासन भएको सिक्कामा २०४३ सालकै त्रुटिपूर्ण सिक्का मसँग छ ।

२०३९ देखि २०५० सम्म टक्सार विभागमा नै टकमरी भएका ठूलो आकारको १० पैसाको सिक्का १.३ ग्राम तौल, १.८ मिलिमिटर मोटो तथा २१.५ मिलिमिटर ब्यासको थियो । यस सिक्कामा त्रुटिपूर्ण सिक्का दुईवटा छन् । २०२८ देखि २०३९ सालसम्म निष्काषन भएको अछामी गाई भएको ५ पैसाको सिक्का १.१४ ग्राम तौल, १.६१ मिलिमिटर मोटो तथा २०.५ मिलिमिटर ब्यासको थियो । यी सिक्काहरु पनि नेपालकै टक्सारमा टकमरी भएका थिए । तर केही विशेष प्रुफ सिक्का भने अमेरिकाको सान फ्रान्सिस्कोमा टकमरी गरेर ल्याइएका थिए । तस्बिरहरु छन् ।

# लालबन्दी वाङ्मय भाषा तथा साहित्य पुरस्कार जोशी

**रासस**
**जनकपुरधाम ।**
मदन पुरस्कार विजेता लेखक रामलाल जोशीलाई 'बाआमा' नामक आख्यान कृतिका लागि लालबन्दी वाङ्मय भाषा तथा साहित्य पुरस्कार प्रदान गरिएको छ । लालबन्दी नगर वाङ्मय परिषद् सर्लाहीद्वारा आयोजित कार्यक्रममा जोशीलाई राष्ट्रियतर्फको 'लालबन्दी नगर वाङ्मय परिषद् भाषा तथा साहित्य पुरस्कार–२०८०' पुरस्कार अर्पण गरियो । उनलाई नगद ५० हजार रुपैयाँसहित सम्मान गरिएको हो । यसैगरी 'लालबन्दी नगर वाङ्मय परिषद् स्थानीय प्रतिभा पुरस्कार–२०८०' साहित्यकार देवराज पौडेललाई प्रदान गरिएको छ । उनलाई नगद १० हजारसहित सम्मान गरिएको हो । उनीहरूलाई कार्यक्रमका प्रमुख अतिथि वरिष्ठ साहित्यकार डा राजेन्द्र विमल, मधेश प्रज्ञा प्रतिष्ठानका कुलपति रामभरोश कापरी 'भ्रमर'लगायतले संयुक्तरूपमा कदरपत्र तथा नगदसहित पुस्कार प्रदान गरे । परिषद्ले राष्ट्रियस्तरमा ख्याति कमाएका कृति तथा स्थानीय प्रतिभाको सम्मान तथा प्रोत्साहनार्थ पुरस्कार प्रदान गर्दै आएको छ । पुरस्कार सम्मान तथा सिफारिस समितिको सिफारिसमा परिषद्ले भदौ २० गते गरेको निर्णयानुसार जोशीलाई ५० हजार राशिको पुरस्कार विशेष सम्मानसहित प्रदान गरिएको हो ।
भाषा, साहित्य, कला र संस्कृति संरक्षणका लागि विसं २०७७ मा स्थापित परिषद्ले २०७९ मा राष्ट्रियतर्फको पुरस्कार अग्नि खण्डकाव्यका लागि डा. नवराज लम्साल र स्थानीयतर्फ विनोद विकलाई प्रदान गरेको थियो ।
पुरस्कार समारोहमा वरिष्ठ साहित्यकार डा. लम्साल, सञ्चारकर्मी अच्युत घिमिरे बुलबुललगायतको सहभागिता थियो ।

# सङ्गठन विस्तार तयारीमा जनमत

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनमत पार्टीले सङ्गठन विस्तार तथा अधिवेशनको कार्यक्रम शुक्रबारबाट सुरु गरेको छ ।
पार्टीको साङ्गठनिक काम कारबाहीलाई अगाडि बढाउन, सङ्गठन विस्तार गरी सशक्त सङ्गठन निर्माणका लागि शुक्रबारबाट सङ्गठन विस्तार तथा अधिवेशनको कार्यक्रम सुरु गरेको हो । जनमत पार्टीले आगामी वैशाख ३० गतेसम्मको कार्यतालिका सार्वजनिक गरेको हो ।
पार्टीका प्रवक्ता डा सरदसिंह यादवका अनुसार मङ्सिर १५ देखि माघ १५ गतेसम्म सबै वडा अधिवेशन, माघ १५ देखि फागुन १५ गतेसम्म सबै पालिका अधिवेशन पूरा गर्नुपर्नेछ ।
फागुन २० गतेसम्म सबै वडा र पालिकाको प्रक्रिया पु¥याई गरिएको अधिवेशनको आधिकारिक माइन्युट तयार गर्ने, चैत ३ गते जिल्ला अधिवेशन र आगामी वैशाख ३० गते प्रदेश अधिवेशन गर्ने गरी कार्यतालिका बनाइएको प्रवक्ता यादवले जानकारी दिए । पार्टीका सचिव विपी साहले बिहीबार बसेको सचिवालयको बैठकले अधिवेशनको मिति तय गरेको जानकारी दिए । डा. सिके राउतको नेतृत्वमा जनमत पार्टी स्थापना भएपछि यसको दोस्रो अधिवेशन गर्न लागिएको हो ।







# अर्थमन्त्रीकहाँ मधेशका उद्योगी र व्यवसायी



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाल उद्योग वाणिज्य महासङ्घ मधेश प्रदेशले अर्थमन्त्री डा. प्रकाशशरण महत भेटेर अर्थतन्त्रमा देखिएका समस्याबारे जानकारी गराएको छ । महासङ्घ मधेश प्रदेशका अध्यक्ष अशोककुमार टेमानीको अगुवाइमा गएका उद्यमीको समूहले अर्थतन्त्रमा देखिएको अहिलेको संकट निकासबारे विभिन्न सुझाव दिएको हो ।
अर्थमन्त्रीलाई सुझाव
बजारमा अहिले चरम आर्थिक मन्दी छ । विशेषतः उत्पादनमूलक उद्योग भएका तराईका औद्योगिक करिडोरहरूको उत्पादन ३०–३५ प्रतिशतमा झरेको छ । कतिपय उद्योग बन्द छन् त कतिपय बैङ्कको कारणबाट मात्र चलेका छन् । अर्थतन्त्र सुधारको लागि टालटुले नीतिभन्दा निर्मम भएर आर्थिक नीतिमा सिंहावलोकन जरुरी छ ।
अहिले अर्थतन्त्र सूचक, विकासका पूर्वाधार र सरकारको प्रतिबद्धता, जनताको अपेक्षामा ठूलो अन्तर देखिएको छ ।
विकास र समृद्धिका धेरै एजेन्डाले सार्थकता पाउन सकेका छैन ।
तसर्थ हाम्रो अर्थतन्त्र बिरामी छ र यसको दिगो उपचारको आवश्यकता छ । अर्थतन्त्रको यो समस्या रातारात सृजना भने भएको होइन र क्षण भरमै उपचार पनि सम्भव छैन । आर्थिक मन्दीबाट मुक्ति पाउन मुलुकको आर्थिक क्षेत्रमा दीर्घकालीन सुधार गर्न र आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क, भन्सार सम्बन्धमा गर्नुपर्ने नीतिगत तथा कानुनी सुधारका सम्बन्धमा निम्न सुझाव जानकारीको लागि अनुरोध छ ।
भन्सार सुधारसम्बन्धी सुझावहरूः
१.नेपालको वैदेशिक व्यापार करिब ७०–७५ प्रतिशत भारतसित रहेको छ र यो बढ्दो क्रममा छ । भारतीय बस्तुमा लाग्ने भन्सार महसुल र मूल्य अभिवृद्धि कर (भ्याट) गरी भारतको जिएसटी भन्दा बढी भएकाले तस्करी बढिरहेको देखिन्छ ।
तसर्थ भारतमा जिएसटी बराबर हाम्रो भन्सार र भ्याट हुन गएमा तस्करी हुने मालसामान पनि भन्सारबाट आउने छ र हाम्रा उपभोक्ता भारतीय बजारबाट किनमेल गर्दै आएका हुन त्यो पनि बन्द हुनेछ ।
२.आयातीत बस्तुको मूल्याङ्कन गर्दा भन्सारले ५० प्रतिशतसम्म जरिवाना लगाउने गर्दछ अतः सामान झनै महँगो हुन्छ । यसले पनि तस्करीलाई बढावा दिन्छ । जरिवाना बन्द हुनै पर्छ ।
३.उद्योगले कच्चा पदार्थ पैठारी गर्दा भन्सार महसुल कम लाग्ने र त्यही कच्चा पदार्थ बिक्रेताले आयात गर्दा भन्सार महसुल बढी लाग्ने नीति रहेको छ । बिक्रेताले कच्चा पदार्थ ससाना उद्योगलाई नै बिक्री गर्दछ । तसर्थ साना उद्योगलाई कच्चा पदार्थ खरिद महँगो पर्न जान्छ, जसले गर्दा उद्योग चलाउन कठिन भइरहेको छ । यसलाई सच्याइएन भने साना उद्योगहरू बन्द गर्ने अवस्था आउँछ । कच्चा पदार्थ आयातमा भन्सार दर सबैको लागि समान हुनु पर्दछ ।
४.स्वदेशी रङ्गरोगन उद्योगले गर्दा विदेशी रङ्गको आयात लगभग समाप्त भएको छ । यो राम्रो पक्ष हो । रङ्ग उद्योगले प्रत्यक्ष तथा अप्रत्यक्ष लाखौँ रोजगारी दिएको छ तर हाल आएर भन्सारको नीतिले गर्दा रङ्ग उद्योग बिस्तारै बन्द हुँदै गएको छ । रङ्ग उद्योगको प्रमुख कच्चा पदार्थ इमल्सनको भन्सार दरबन्दी एसएस कोड ३९०६ मा रहेको १० प्रतिशतलाई हाल बढाएर ४० प्रतिशत पु¥याइएको छ । र एक साइज ड्युटी पनि लगाइएको छ । उद्योग जोगाउन इमल्सनलाई १० प्रतिशतमा नै भन्सार महसुल फर्काउन पर्छ ।
५.नक्कली बिजकीकरण र आयात निर्यातमा पारदर्शिताको लागि भारतीय कस्टम तथा नेपाल भन्सारका सफ्टवेयर आपसमा देख्ने गरी म्याच गर्नुपर्दछ । यसले गर्दा रिभ्यालुएसन गर्ने समस्याको समाधान हुन्छ ।
६.आजभोलि भन्सारमा घोषणा गरेको भन्दा बढी मालसामान ट्रकमा फेला परेको कुरा समाचारबाट जानकारी हुँदै आएको छ । यसको समाधानका लागि भन्सार बिन्दुमा एक्स–रे मेसिन जडान गर्न आवश्यक छ । यसले गर्दा भन्सार जाँच पास प्रक्रिया पनि छिटो र सरल हुनेछ ।
७.भन्सार बिन्दुमा पैठारी भएका मसलामानका पैठारी कागजात ठिक हुँदाहुँदै कतिपय एसएस कोड परिवर्तन गरेर साप्टा सुविधा नदिने र बढी महसुल भएका एसएस कोड लगाउने कार्य तीव्र भएको छ । यसकारण पनि तस्करीलाई प्रसय भएको छ । एलसीअन्तर्गत पैठारी भएका मालसामान साप्टाअन्तर्गत ल्याउँदा एसएस कोड परिवर्तन गर्ने कार्य बन्द हुनु पर्दछ ।
**आयकर सम्बन्धमाः**
१.जीवनशैलीमा भएको परिवर्तन आदिको सन्दर्भमा व्यक्तिगत र पारिवारिक आयको छुट सिमालाई वृद्धि गरी क्रमशः एकल व्यक्तिको ८ लाख तथा दम्पतीको हकमा १० लाखसम्मको आयमा आयकर छुट गरिनु पर्दछ ।
२.सरकारले उद्योगको हकमा आयकरको सिमा २५ प्रतिशत भन्दा बढी नहुने गरी निर्धारण गरेको छ । अतः उद्योगसरह नै अन्य आयआर्जन गर्नेलाई पनि आयकरमा २५ प्रतिशतको सीमा निर्धारण गरिनु पर्ने महासङ्घको मान्यता छ ।
३.पाँच करोडसम्मको वार्षिक टर्न ओभर गर्नेहरूका हकमा वार्षिक रूपमा कर बापत तिर्ने रकम तोकिनु पर्ने । रकम दिएपश्चात् निजलाई खाता बही र मिस म्याचको प्रावधान र अन्य प्रक्रियागत विषयबाट अलग राख्नु पर्ने हाम्रो धारणा छ ।
४.आयकर ऐन, २०५८ बमोजिम करदाताले म्यादभित्र बुझाएको आय विवरणमा कुनै त्रुटि फेला परेमा पेस गरेको मितिले तीस दिन भित्र कर कार्यालयमा निवेदन दिई सो विवरण सच्याउन सकिने व्यवस्था छ । आयविवरण पेस हुँदा विभिन्न किसिमको त्रुटि हुन जाने र तीस दिनभित्रको म्याद पर्याप्त नभएकाले आय विवरण पेस भएको मितिले एक वर्षभित्र वा विभागले अनुसन्धानका लागि निजको फाइल खोलेको मितिमध्ये जुन पहिले हुन्छ सो मितिभित्र विभागले तोकेको प्रक्रियाबमोजिम आय विवरण संशोधन गर्न सक्ने कानुन हुनुपर्ने आवश्यकता छ ।
५.आयकर ऐनको दफा २५ को उपदफा २ (ख) अनुसार खण्ड (क) मा उल्लिखित अवस्थामा बाहेक अन्य अवस्थामा भुक्तानी प्राप्त गर्न व्यक्तिले सबै उपयुक्त उपाय अपनाएपछि असुलउपर हुन नसक्ने कुरामा मनासिबरूपमा विश्वस्त भएमा शब्द उल्लेख गरिएको छ । तर सबै उपाय के–के हुन् भन्ने ऐनमा उल्लेख नभएका कारणले यस्ता खर्चको दाबी गर्न करदाता असक्षम रहेको पाइन्छ ।
तसर्थ ऐनमा नै उपयुक्त उपाय जस्तै अदालतले निर्णय गरेको वा कर्जा सूचना केन्द्रले कालोसूचीमा राखेका वा दाबी गरिएको आसामी वित्तीय विवरणमा व्यवस्था वा अपलेखन गरेका हुनुपर्ने व्यवस्था उल्लेख गरिएमा ऐन कार्यान्वयनमा सहजता हुनुका साथै करदाताको वास्तविक समस्या समाधान गर्न थप सहज हुने देखिन्छ ।
६.कुनै प्राकृतिक व्यक्तिले निजको लागि आफैँ वा अन्य कुनै व्यक्ति मार्फत गरेको स्वीकृत औषधी उपचार खर्चका लागि कुनै आय वर्षमा औषधी उपचारबापत कर मिलान गर्न दाबी गर्न सक्नेछ ।
कुनै आय वर्षमा प्राकृतिक व्यक्तिबाट दाबी गरिएको औषधी उपचार बापत करमिलान रकम तोकिएको सिमा ७ सय ५० रुपैयाँ भन्दा बढी हुने छैन । जुन हालको परिस्थितिमा न्यून रकम छ ।
७.धितोपत्र बजारमा सूचीकरण भएको निकायमा रहेको छोटो तथा लामो अवधिको लगानीलाई आयकर कानुनले एकै किसिमले कर निर्धारण गर्न व्यवस्था छ । शेयर बजारको विकासको निमित्त सट्टे बाज तथा दीर्घकालीन शेयर लगानी कर्ताबीच फरक हुनु अपरिहार्य छ ।
तसर्थ, तीन वर्ष भन्दा बढी शेयर धारण गरेको लगानीकर्तालाई दीर्घकालीन शेयर लगानीकर्ताको रूपमा परिभाषित गरी खरिद मूल्यमा सम्बन्धित वर्षमा ती वर्षहरूको नेपाल राष्ट्र बैङ्कबाट तोकिएको मूल्यवृद्धि दरको समायोजन गर्ने व्यवस्थापछि लाभगणना गर्ने नीतिको व्यवस्था गरिए शेयर बजारको विकासमा सहयोग पुग्ने देखिन्छ । त्यस्तै घरजग्गा खरिदको कारोबारमा दीर्घकालीन लाभगणना गर्दा खरिद मूल्यमा मूल्यवृद्धि दरको समायोजनसमेत गर्ने व्यवस्था गर्दा वास्तविक लाभमा मात्र कर तिर्नुपर्ने हुन गई त्यो विधि न्यायोचित हुने देखिन्छ ।
८.हालको आयकर ऐनमा कर लेखा परीक्षणसम्बन्धी स्पष्ट व्यवस्था रहेको पाइँदैन ।
कानुनमा लेखा परीक्षकको योग्यता, जिम्मेवारी, लेखा परीक्षणको कार्यक्षेत्र, लेखा परीक्षण प्रतिवेदनमा खुलाउनुपर्ने तथ्य, प्रतिवेदनको ढाँचालगायतका विषय स्पष्टरूपमा खुलाई कानुनलाई व्यवहारिक बनाउनुपर्ने देखिन्छ ।
९.राजस्व न्यायीकरण र ठूला करदाताको कार्यालय वीरगंजमा स्थापना हुनुपर्ने ।
मूल्य अभिवृद्धि करसँग सम्बन्धितः
१.मूल्य अभिवृद्धि कर ऐनको अनुसूचीमा कर नलाग्ने वस्तु तथा सेवाको सूची राखिएको छ ।
तथापि कर नलाग्ने वस्तु सम्बन्धमा द्विविधा उत्पन्न हुँदै आएको हुँदा यस्ता वस्तु तथा सेवाको वर्गीकरण भन्सार महसुल दरबन्दी जस्तै कर छुट तथा कर लाग्ने स्पष्ट रूपमा किटानी व्यवस्था हुनु पर्दछ ।
२.हाल सबै प्रकारको वस्तुमा एकै प्रकारको मूल्य अभिवृद्धि कर दर हुनु सामाजिक न्याय सिद्धान्त विपरीत छ । अतः मूल्य अभिवृद्धि करमा बहुदर प्रणाली लागु गरी अत्यावश्यक उपभोग्य वस्तुमा कम दरको मूल्य अभिवृद्धि कर लागु गरिनु पर्दछ ।
३.करदाताले मूल्य अभिवृद्धि करबापत फिर्ता पाउनु पर्ने रकमलाई अग्रिम आयकर, अन्तःशुल्क तथा अन्य करसँग मिलान गर्ने सुविधा हुनु पर्ने टड्कारो खाँचो छ ।
४.करदाता कानुनी उपचारको प्रक्रियामा रहँदा यो अवधिको थप ब्याज शुल्क नलाग्नु पर्नेः राजस्वसम्बन्धी मुद्दाको किनारा लगाउन न्यायाधीकरण अथवा अदालतबाट नै विभिन्न कुराले ढिलाइ हुँदा यो अवधिको थप ब्याज तथा जरिवाना व्यापारीबाट असुल गरिनु न्यायोचित हुँदैन भन्ने सङ्घको धारणा छ । तसर्थ कानुनी उपचार प्रक्रियामा रहेको अवधिको थप ब्याज शुल्क लाग्नु हुँदैन ।
५.खरिदकर्ताले ननफाइलरसम्बन्धी स्ट्याटस हरेक महिना परिवर्तन हुन सक्ने र अर्को व्यक्तिले गरेको गल्तीको सजाय स्वरूप अरूलाई मूल्य अभिवृद्धि कर कट्टी गर्न नदिनु भनेको अर्काले गरेको गल्तीको सजाय अन्य व्यक्तिलाई दिनु हो । इफाइलबाट मूल्य अभिवृद्धि कर विवरण दाखिला गर्दासमेत व्यवस्थाबारे मूल्य अभिवृद्धि कर दर्ता नम्बर उपलब्ध गराउने व्यवस्था हुनुपर्ने ।
करदाताले मूल्य अभिवृद्धि कर विवरण ईफाइलिङ गरे पनि भेरिफाइ गर्नुपर्ने र अटो भेरिफिकेसन समयमा नआउँदा समस्या भएकोले दर्ता भएको नमानी जरिवाना गर्ने समस्या भएकोले इगभर्नेन्सको कार्यान्वयनमा समस्या देखिएको छ ।
अन्तःशुल्कसँग सम्बन्धितः
आर्थिक वर्ष २०५३–५४ मा भ्याट लागू हुँदा मुलुकमा क्रमशः अन्तःशुल्कसहित अन्य कर हटाउँदै लैजाने प्रतिबद्धता सरकारबाट आएको थियो तर यो प्रतिबद्धता विपरीत आज थप धेरै सामानमा अन्तःशुल्क लगाइएकोले त्यस्तो नहुन अनुरोध छ ।
**क्रेडिट ऐक्ट सम्बन्धमाः**
नेपालमा व्यापार प्रायः उधारोमा चल्ने गरेको छ । पहिला माल वस्तु बिक्री गरेको ३० देखि ४५ दिन भित्रमा पाउने गरेको भुक्तानी पछि ९० दिनमा भुक्तानी पाउने चलन प्रारम्भ भयो । हालको अवस्थामा त्यस्तो भुक्तानी ६ महिनामा मात्र पाउने गरेको छ । यसरी उधारोको भुक्तानी ६ महिनासम्म रोकियो भने पुँजीको अभाव हुन्छ ।
उद्योगी व्यवसायीलाई बैङ्कबाट अनावश्यक थप ऋण लिनु पर्ने तथा ब्याज दिनु पर्ने बाध्यता रहेछ । यस्तो लामो अवधिको उधारो उद्योग व्यापारको प्रवद्र्धनमा बाधक छ । बैङ्कले दिएको कर्जाको असुली धितो राखेको सम्पत्ति लिलाम बिक्री गरेर पनि बैङ्कले असुल गर्दछ तर उद्योगी व्यवसायीको उधारो असुल गर्न सक्ने कुनै प्रभावकारी नियम रहेको छैन ।
हालको अभ्यासअनुसार कर्जा प्रदायक बैङ्कसमक्ष कर्जाग्राही ग्राहकले आफ्नो लिनुपर्ने बाँकी बक्यौताको विवरण प्रत्येक महिना बुझाएको हुन्छ । यो भुक्तानी अवधि नाघेको बाँकी बक्यौताको विषयमा बैङ्कले अभिभावकत्व प्रदान गरेको छैन ।
बरु कर्जा प्रदायक बैङ्कले त्यस्ता बाँकी बक्यौतालाई खराब कर्जा मान्दै बाँकी बक्यौतालाई कालोसूचीमा राख्ने अभ्यास सुरु गर्नु पर्दछ । यस सम्बन्धमा नेपाल राष्ट्र बैङ्कको पहलमा नेपाल सरकारबाट स्पष्ट कानुन क्रेडिट ऐक्ट तर्जुमा गरिनु पर्ने झनै जरुरी देखिन्छ । हाल उधारो कर्जा ऐन बैङ्कहरूलाई मात्र लागु छ । यसलाई सबै भ्याट बिल मा अनिवार्य लागु गर्नु पर्दछ ।



# अध्यक्ष र उपाध्यक्षको विवादले गाउँसभा स्थगित




**मधेशदृष्टि**
**सर्लाही ।**
चन्दनगर गाउँपालिकामा प्रतिनिधित्व गरेका जनप्रतिनिधिबीच विवाद भएपछि गाउँसभा अवरुद्ध भएको छ । गाउँपालिका अध्यक्ष राजकुमार महतो र उपाध्यक्ष गीतादेवी महतो समूहको आपसी विवादका कारण गाउँसभा हुन नसकेको हो ।
गाउँसभा नभएपछि गाउँपालिकाका शिक्षक एवम् कर्मचारीको तलब रोकिएको छ । तलब नपाएर उनीहरु आन्दोलनमा उत्रिएका छन् । राजनीतिक खिँचातानी र जनप्रतिनिधिबीच आपसी विवादका कारण गाउँपालिकाले असार मसान्तमै गरिसक्नु पर्ने गाउँसभा चालु आर्थिक वर्षको चार महिना बितिसक्दा पनि हुनसकेको छैन ।
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार कुनै पनि स्थानीय निकायले असार महिनाभित्रमा आर्थिक वर्षको वार्षिक बजेट, नीति तथा कार्यक्रम पारित गर्नुपर्छ । वार्षिक बजेट, नीति तथा कार्यक्रम नआउँदा विकास निर्माणका काम प्रभावित भएका छन् भने गाउँपालिकाभित्रका शिक्षक तथा कर्मचारीले चार महिनादेखि तलब पाएका छैनन् । सामाजिक सुरक्षा भत्ता नपाएर वृद्धवृद्धा, अपाङ्गता भएका व्यक्ति एवम् एकल महिलालाई गर्जो टार्न कठिन भएको छ ।
गाउँपालिकाभित्रका २२ वटा सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारी पठनपाठन नै अवरुद्ध गरेर गाउँपालिका कार्यालयअगाडि धर्ना बसेका छन् ।



**मधेशका मन्त्री मेलम्चीमाः** नेपाल सरकारका खानेपानी मन्त्री महिन्द्र राय यादव सिन्धुपाल्चोकको मेलम्ची खानेपानी आयोजना अनुगमनक्रममा खोला तर्दै । तस्बिरः बिमलबहादुर बिष्ट

# नक्कली प्रहरी सक्कलीद्वारा पक्राउ



**मधेशदृष्टि**
**वीरगंज ।**
आफू घुमुवा प्रहरी भएको बताउँदै वीरगंजका व्यवसायीसँग महिनावारी रकम असुल्दै आएका नक्कली प्रहरीलाई पर्सा प्रहरीले पक्राउ गरेको छ ।
बारा, आदर्शकोतवाल गाउँपालिका वडा नम्बर ८, लक्ष्मीटोलका ४५ वर्षीय गोविन्द महतो कोइरीले ५–६ महिनादेखि आफू मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरबाट खटिएको बारा, पर्सा र रौतहट जिल्लाको घुमुवा प्रहरी भएको बताउँदै आएका थिए ।
उनलाई वीरगंज महानगरपालिका वडा नम्बर २३ हरपतगंजका स्थानीय व्यापारीसँग महिनावारी रकम उठाइरहेको अवस्थामा जिल्ला प्रहरी कार्यालय पर्साको निर्देशनमा प्रहरी चौकी सिर्सियाबाट खटिएको टोलीले पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता एवम् डिएसपी कुमार विक्रम थापाले जानकारी दिए ।
अभियुक्तलाई प्रहरी हिरासतमा राखी थप अनुसन्धान तथा कारबाही अगाडि बढाइएको थापाले बताए ।

# पहिलो चरणको आन्दोलन सकियो, सुनुवाइ भएन

**मधेशदृष्टि**
**राजविराज ।**
रामराजा सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान अविलम्ब निर्माण माग गर्दै सप्तरीका युवाले सुरु गरेको दबाबमूलक आन्दोलनमा जनसमर्थन बढ्दै गएको छ । उनीहरुले शुक्रबार जिल्ला प्रशासन कार्यालयअगाडि दुई घण्टा धर्ना दिए ।
उनीहरुको पहिलो चरणको आन्दोलनअन्तर्गत अन्तिम दिन शुक्रबार ऐक्यबद्धता जनाउँदै जिल्ला प्रशासन कार्यालयको मूलगेटमा जनप्रतिनिधि तथा सामाजिक अभियन्तासमेत २ घण्टा धर्नामा बसे ।
आन्दोलन परिचालन समिति संयोजक तथा सप्तरी युथ नेपाल राजविराजका संयोजक सत्येन्द्र यादवका अनुसार 'सप्तरीको शैक्षिकलगायत बृहत् हितसँग जोडिएको प्रतिष्ठानको कामकाज अविलम्ब चालु गर्नुपर्ने, जिल्लाको आर्थिक, सामाजिक र पूर्वाधार तयारी विकास समितिको म्याद थप गर्नुपर्ने, विकास समितिमा




अध्यक्षलगायत पदाधिकारी तत्काल नियुक्ति, बजेट व्यवस्थापनलगायतका मागसहित आन्दोलन सुरु भएको हो ।
युवाहरुले सुरु गरेको दबाबमूलक आन्दोलनमा राजविराज नगरपालिकाकी कार्यवाहक नगर प्रमुख इसरत परबिन, मैथिली साहित्य परिषदका अध्यक्ष अवधेश कुमार झाले ऐक्यबद्धता जनाउँदै सरकारलाई अविलम्ब प्रतिष्ठान निर्माण कार्य सुरु गर्न माग गरे । राजविराज नगरपालिकाका नगर प्रवक्ता एवम् वडा नम्बर ८ का वडाअध्यक्ष जयनारायण मण्डल, ७ नम्बरका वडाअध्यक्ष सुभाषचन्द्र यादव, ६ का शशि चौधरी, स्ववियु सभापति रञ्जित कुमार यादव, सप्तरी युथ नेपालका कार्यवाहक अध्यक्ष मोहन यादव, निर्माणस्थलमा रिले अनशन बसिरहेका रामकुमार दास, सप्तरी युथ नेपालका सदस्य मुस्तकिन आलम, सुरज यादव, बसन्त यादव, अनिल यादव, एलिस यादव, ओमकार कर्ण, करण शर्मालगायतका सप्तरी युथ आवद्ध युवा धर्ना बसेका छन् ।
पहिलो चरणको कार्यक्रम समापन भएको तथा सरकार गम्भीर नभएकाले थप सशक्त आन्दोलनमा जाने बताउँदै सप्तरी युथका कार्यवाहक अध्यक्ष यादवले छिटै दोश्रो चरणको आन्दोलन घोषणा हुने भएकाले जिल्लाका राजनीतिज्ञ, बुद्धिजीवी, शिक्षक, विद्यार्थी, अधिकारकर्मीसहित सबैसँग सहयोगका लागि आग्रह गरे ।
आर्थिक वर्ष २०७८–७९ मा प्रतिष्ठानमा ९ करोड ७५ लाख रुपैयाँ बजेट आएको थियो । जसमध्ये १ करोड ९४ लाख ९१ हजार ६ सय १२ रुपैयाँ माल खर्च भएको थियो भने ८ करोड २५ लाख ८ हजार ३ सय ८७ रुपैयाँ फिर्ता भएको थियो । खर्च भएकोमध्ये ७२ लाख ३ हजार ३ सय ३० रुपैयाँ प्रतिष्ठानको निर्माणस्थलको जग्गाको तारजाली घेराबेराको भुक्तानी दिइएको थियो । २०७५ सालमा मन्त्रिपरिषद् बैठकले प्रतिष्ठान निर्माण गर्ने निर्णय गरेको थियो । २०७८ असार २२ गते तत्कालीन प्रधानमन्त्री केपी ओलीले प्रतिष्ठान भवन निर्माण कार्यको भर्चुअल माध्यमबाट शिलान्यास गरेका थिए । यद्यपि अहिलेसम्म डिपिआर निर्माणबाहेक थप काम भएको छैन ।
गजेन्द्र नारायण सिंह अस्पतालका तत्कालीन मेडिकल सुपरिटेन्डेन्ट एवम् प्रतिष्ठानका कार्यकारी निर्देशक डा. रञ्जित कुमार झा सरुवा भएर अन्यत्र गएपछि एकवर्ष यता कार्यकारी निर्देशक पदसमेत रिक्त छ । प्रतिष्ठानमा कार्यरत ३ जना कर्मचारीको करार म्याद सकिएपछि प्रतिष्ठान कर्मचारीविहीन छ । पदाधिकारीविहीन समितिको कार्यालयमा लाखौँ रुपैयाँ खर्चेर खरिद गरिएका सामान थन्किएका छन् ।

# शरीरमा आगो लगाएर घाइतेको मृत्यु

**मधेशदृष्टि**
**बारा ।**
घरभित्र आफैँले शरीरमा आगो लगाउँदा घाइते भएकी महिलाको मृत्यु भएको छ । जीतपुरसिमरा उपमहानगरपालिका–७ कि ५५ वर्षीया विन्दा देवी गिरीको मृत्यु भएको हो ।
इलाका प्रहरी कार्यालय सिमराका डिएसपी प्रदीप क्षेत्रीका अनुसार मानसिक अवस्था ठीक नरहेकी महिलाले बिहीबार राति कोठामै शरीरमा आगो लगाएकी थिइन् । घरपरिवारले थाहा पाएपछि उद्धार गरी घाइते अवस्थामा उपचारको लागि वीरगंजस्थित नारायणी अस्पतालमा ल्याइएको र त्यहा उपचार सम्भव नभएपछि थप उपचारको लागि काठमाडौं लैजाँदै गर्दा उनको बाटोमै मृत्यु भएको डिएसपी क्षेत्रीले जानकारी दिए । घटनाका विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# सर्बिया पठाइदिन्छु भन्दै १७ लाख ठग्ने समातिए

**मधेशदृष्टि**
**बारा ।**
सर्बिया पठाइदिन्छु भन्दै तीन जनालाई १७ लाख १७ हजार रुपैयाँ ठग्ने जीतपुरसिमरा उपमहानगरपालिकाका दिपेश बास्कोटा पक्राउ परेका छन् । उनले बलबहादुर थापा मगरसहित ३ जनालाई वैदेशिक रोजगारीको लागि 'सर्बिया पठाइदिन्छु' भन्दै प्रतिव्यक्ति ८ लाख रुपैयाँका दरले रकम मागेका थिए । तर १७ लाख १७ हजार रुपैयाँ लिएपछि बास्कोटा फरार भएका थिए ।
उनले मासिक एक लाख रुपैयाँ तलब हुने भन्दै लोभ्याएर रकम ठगेका काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले जनाएको छ । फरार भएका उनलाई इलाका प्रहरी कार्यालय सिमराँसँग समन्वय गरी बिहीबार पक्राउ गरिएको हो । यस्तै, 'माल्टा पठाइदिन्छु' भन्दै दुईजनाबाट ६ लाख आठ हजार रुपैयाँ उठाएर फरार भएकी धादिङ त्रिपुरा सुन्दरीकी लक्ष्मी श्रेष्ठ पनि पक्राउ परेकी छन् ।

# सबै वडामा एयर स्प्रे



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाले वीरगंज नगर क्षेत्रभित्र लामखुट्टे आतंक बढेसँगै नगर क्षेत्रका ३२ वटै वडामा दिए ।
एयर स्प्रेबाट सडक, गल्ली, नालामा लामखुट्टेविरुद्ध किटनासक औषधी छरिने र स्प्रे गर्न नसकेका स्थानमा हाते पम्पबाट औषधी छरिएको



लामखुट्टे नियन्त्रणका लागि एयर स्प्रे कार्यक्रम सञ्चालन गरेको छ ।
लामखुट्टेका कारण महानगरको जनजीवन प्रभावित भएसँगै महानगरले मंसिर १३ देखि पुस ६ गतेसम्म ३२ वटै वडामा दुईपटकका दरले एयर स्प्रे सुरु गरेको वीरगंज महानगरपालिकाका सरसफाइ शाखा प्रमुख सरफुद्दिन मियाँले जानकारी दिए ।
मियाले बताए । वर्षायाम सकिएपछि फोहोर तथा पानी जमेका स्थानमा लामखुट्टेले फुल पारेर लार्भा हुर्काएपछि वीरगंजमा लामखुट्टे आतंक बढेको छ । वर्षमा २ पटक लामखुट्टेको आतंकका कारण वीरगंजको जनजीवन प्रभावित हुने गरेको र यसलाई नियन्त्रण गर्न महानगरले एयर स्प्रे तथा हाते पम्पबाट किटनासक औषधी छर्दै आएको छ ।

# पत्रकार सर्राफका नाममा प्रतिष्ठान समाजवादीद्वारा ५० हजार प्रदान गरिने



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजका क्रियाशील पत्रकार स्वर्गीय नरेश सर्राफको प्रथम स्मृति सभा वीरगंजमा भएको छ । सर्राफको पहिलो वार्षिकीमा रेडियो वीरगंज, समाजवादी प्रेस संगठन नेपाल पर्सा र राष्ट्रिय सहारा दैनिकले संयुक्तरुपमा स्मृति सभा गरेको हो ।
रेडियो वीरगंज परिसरमा भएको स्मृति सभामा वीरगंज महानगरपालिकाका नगरप्रमुख राजेशमान सिंहले स्वर्गीय नरेश सर्राफको नाम जीवन्त राख्न महानगरपालिका सहयोग गर्न सधैँ तयार रहेको बताए । उनले वर्षमा एक दिन मात्र नभई सदा सर्वदा स्वर्गीय सर्राफको नाम जिवन्त राख्नका लागि संचार सम्बद्ध संस्थाहरुले ठोस कार्यक्रम ल्याए त्यसमा महानगरपालिकाले आवश्यक सहयोग गर्ने घोषणा गरे ।
कार्यक्रममा समाजवादी प्रेस संगठन नेपालका केन्द्रीय सदस्य तथा पर्सा अध्यक्ष मनोज पटेलले स्वर्गीय नरेश सर्राफको नाम जीवन्त राख्न नरेश सर्राफ स्मृति प्रतिष्ठान गठन गरिने घोषणा गरे । उनले प्रतिष्ठानले अबदेखि प्रत्येक वार्षिकीमा स्मृति सभासहित विभिन्न कार्यक्रम गर्नुका साथै स्वर्गीय नरेश सर्राफ स्मृति पत्रकारिता पुरस्कारसमेत वितरण गर्ने जानकारी गराए । राष्ट्रिय सहारा दैनिकका प्रकाशक चन्द्रभुषण साहको अध्यक्षतामा भएको कार्यक्रममा पर्साका प्रमुख जिल्ला अधिकारी हीरालाल रेग्मी, नेकपा एमाले पर्साका संयोजक डा.विश्वम्भर कुमार शर्मा, समाजवादी प्रेस संगठन नेपालका महासचिव रामकुमार एलन, जसपा पर्साका सचिव तबरेज अहमद, नेकपा एकीकृत समाजवादीका वीरगंज महानगर अध्यक्ष मनोज चौधरी, जनमत पार्टीका पर्सा जिल्ला सहइन्चार्ज मुकेश द्विवेदीलगायतले बोलेका थिए ।
यस्तै, नेपाल पत्रकार महासंघ पर्साका अध्यक्ष अनुप तिवारी, समाजवादी प्रेस संगठनका केन्द्रीय सचिव बृजलाल पासवान, प्रेस सेन्टर पर्सा अध्यक्ष दीपक गौतम, प्रेस चौतारी पर्साकी उपाध्यक्ष कविता खड्का, प्रेस युनियन पर्साका पूर्वसभापति रामनारायण कुर्मीलगायतकाले मन्तव्य व्यक्त गरेका थिए ।
कार्यक्रम सञ्चालन पत्रकार शम्भु कुमार सुमनले गरेका थिए । कार्यक्रममै एकीकृत समाजवादीका वीरगंज महानगर अध्यक्ष मनोज चौधरीले स्वर्गीय नरेश सर्राफको नाम जीवन्त राख्न गठन हुने प्रतिष्ठानलाई ५० हजार रुपैयाँ सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरे । नेपाल पत्रकार महासंघ पर्सा र समाजवादी प्रेस संगठन पर्साका कार्य समिति सदस्य पत्रकार सर्राफको गत वर्ष मंसिर १५ गते ३३ वर्षको उमेरमा हृदयघातबाट निधन भएको थियो ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क मो. नं. ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम-२, भानु चोक, किशोरी नगर, फोन नं. ०४१-५९०२८९, E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, सम्पादक : रामकुमार एलन